# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## त्रिवेणी नगरपालिका


### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## त्रिवेणी नगरपालिका
### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## त्रिवेणी नगरपालिका

बाजुरा

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
त्रिवेणी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले त्रिवेणी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ६१ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४६ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३९ लाख १४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४५ लाख ५४ हजार र पेश्की रू. ३० लाख ४५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २१ करोड ४४ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ६५ लाख ४८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

त्रिवेणी नगरपालिका, बाजुरा

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८१ | १०८ | ३६१३५ | ० | ० | ० | ८१ | १०८ | ३६१३५ | ४६२२ | १४५५४ | १३९१४ | ० | ० | २८४६८ | ३०४५ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| त्रिवेणी नगरपालिका, बाजुरा | २१४४१४ | ० | ३४००१ | १८०४१३ | ० | ३६१३५ | २१६५४८ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : त्रिवेणी नगरपालिका, बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चिरञ्जिवी प्रसाद शाह | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Suresh Raj Joshi | २०७७-११-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३६,१३५,९८४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,४७,२५,८७१.९१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,००,०९,५४० | **चालु खर्च** | ३३,७७,५९,००६.६६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०७,९३,००० | **पूँजीगत खर्च** | १३,३९,१२,७५५.९४ |
| **राजश्व बाँडफाँट** | ७,४०,९९,८२४.८९ | **वित्तीय/अन्य व्यवस्था** | ९,४०,५०,४०६.१२ |
| **आन्तरिक आय** | २३,४०,६९१.८ | | |
| **अन्य आय** | ९,५९,५३,०८२.२६ | | |
| **कुल आय** | ६२,३१,९६,१३८.९५ | **कुल खर्च** | ५६,५७,२२,१६८.७२ |
| **बाँकी मौज्दात** | | ११,२१,९९,८४२.०२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>९ वडा, ४८ सभा सदस्य, १७०.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा २३८३४ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार) रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br><br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम पालिकाले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथा मार्गदर्शनलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरु सँग मिति २०७९।५।३० मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा स्वास्थ्यतर्फ कर्मचारीको दोहोरो भुक्तानी भएको तलव रु. १,९२,८५२।– असुल भई स्थानीय संचितकोष दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>एकिकृत आय व्यय तथा वित्तीय विवरणको बिश्लेषण</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>एकीकृत आय व्यय विवरण : पालिकाको आर्थिक बर्ष २०७८।७९ को आय व्ययको एकिकृत विवरण देहायबमोजिम छ ।
<table>
<tr><th colspan="3">आयतर्फ</th><th colspan="3">ब्ययतर्फ</th></tr>
<tr><td>सि.नं.</td><td>विवरण</td><td>रकम</td><td>सि.नं.</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत बर्षको जिम्मेवारी</td><td>५४७२५८७१.९१</td><td>१</td><td>चालु खर्च</td><td>३३७७५९००६.६६</td></tr>
<tr><td>२</td><td>राजस्व बाँडफाड वाट प्राप्त</td><td>७६४४०५१६.६९</td><td>२</td><td>पुँजिगत खर्च</td><td>१३३९१२७५५.९४</td></tr>
<tr><td></td><td>आन्तरिक</td><td>२३४०६९१.८०</td><td>३</td><td>अन्य खर्च</td><td>९४०५०४०६.१२</td></tr>
<tr><td></td><td>संघीय</td><td>६९८४२३०५.८७</td><td></td><td>सामाजिक सुरक्षा</td><td>७९४५९१२९.००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>प्रदेश</td><td>४२५७५१९.०२</td><td></td><td>बिषयगत निकाय</td><td>९०१७६८२.९२</td></tr>
<tr><td>३</td><td>संघीय अनुदान</td><td>४३०००९५४०.००</td><td></td><td>कोष खर्च</td><td>५५७३५९४.२०</td></tr>
<tr><td></td><td>समानीकरण</td><td>१११५०००००.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>सशर्त</td><td>२७६७०९५४०.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>समपुरक</td><td>२१००००००.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>बिशेष</td><td>२०८०००००.००</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>प्रदेश अनुदान</td><td>२०७९३०००.००</td><td>४</td><td>बैंक मौज्दात</td><td>११२१९९८४२.०२</td></tr>
<tr><td></td><td>समानीकरण</td><td>७९९२०००.००</td><td></td><td>बैंक मौज्दात</td><td>१०२३५४६५५.०२</td></tr>
<tr><td></td><td>समपुरक</td><td>४८०१०००.००</td><td></td><td>आन्तरिक आय</td><td>३२३९८९२.८०</td></tr>
<tr><td></td><td>बिशेष</td><td>८००००००.००</td><td></td><td>धरौटी</td><td>६०७७४५४.००</td></tr>
<tr><td>५</td><td>अन्य आय</td><td>९५९५३०८२.२६</td><td></td><td>कोष</td><td>५२७८४०.२०</td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा</td><td>७९४५९१२९.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>बिषयगत निकाय</td><td>९०१७६८२.९२</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>धरौटी</td><td>३६२१५३२.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कोषतर्फको</td><td>३३२३१९३.२०</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>अन्य (चेक नसाटिएको र कर दाखिला वाँकी)</td><td>५३१५४५.०२</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७७९२२०१०.७४</td><td></td><td>जम्मा</td><td>६७७९२२०१०.७४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.२</td><td></td><td></td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्
<ul>
<li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li>
<li>स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात बीच रु. १२,८१,५११।– ले फरक देखिएको छ ।</li>
<li>पालिकाले चालु खर्च खाता र पुँजिगत खर्च खातामा आर्थिक बर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम संचित कोक्षमा दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अबधि सम्म सम्वन्धित खातामै मौज्दात रहेको देखिन्छ ।</li>
<li>पालिकाले सुत्रको वित्तिय विवरणमा सामाजिक सुरक्षा तथा सरंरक्षण र स्थानीय तह प्रशासनिक भवन पुर्वाधार विकास कार्य्रमको खर्च रकम समावेश गरेको छैन ।</li>
<li>पालिकाको सुत्रको वित्तिय विवरण म.ले.प.फा.नं. २७२ मा बर्षान्तको बैंक मौज्दात रु. ६,३४,३६,१७४।२९ भएकोमा पालिकावाट प्रमाणित एकिकृत आर्थिक विवरणमा रु. ११,२१,९९,८४२।– बैंक मौज्दात देखिन्छ ।</li>
</ul>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>धरौटी रकम : पालिकावाट प्राप्त धरौटीको विवरण अनुसार शिक्षा निर्देशनालयवाट प्राप्त रकम भनि गत बिगत आर्थिक बर्ष देखि रु. ८,३०,०००।– अल्या गरेको देखिन्छ । पालिकाको धरौटी खातामा रहेको शिषा निर्देशनालयसंग सम्वन्धित रकमको सम्वन्धमा एकिन गरी अनुदान वापत प्राप्त भई खर्च नभएको रकम मौज्दात रहेको देखिए उक्त रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.</td><td>८३०,०००</td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खातामा निम्नानुसार रकम फरक देखिएको छ । पालिकाले स्रेस्ता र बैंक बीच फरक परेको रकमको हिसाव मिलान गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>सञ्चित कोष</td><td>११४८२२१५</td><td>११०८२९२५</td><td>३९९२९०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>चालु खाता</td><td>३५१४९४३४</td><td>१४९०२४३१</td><td>२०२४७००३</td></tr>
<tr><td>३</td><td>पूँजीगत खाता</td><td>५५०९२७६५</td><td>७६३६५५६१</td><td>२१२७२७९६</td></tr>
<tr><td>४</td><td>धरौटी खाता</td><td>५८६१६९८</td><td>६०७७४५४</td><td>२१५७५६</td></tr>
<tr><td>५</td><td>आन्तरिक राजस्व खाता</td><td>३२३९८९२</td><td>३२३९८९२</td><td>०</td></tr>
<tr><td>६</td><td>राजस्व बाँडफाँडवाट प्राप्त राजस्व खाता</td><td>०</td><td>८१४५०</td><td>८१४५०</td></tr>
<tr><td>७</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>१०५३८९</td><td>१०५३८९</td><td>०</td></tr>
<tr><td>८</td><td>बिबिध खर्च खाता</td><td>६४६४८</td><td>४२२४५०</td><td>३५७८०२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११०९९६०४१</td><td>१२२२७७५५२</td><td>१२८१५११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>कर कट्टी रकम दाखिला : पालिकावाट प्राप्त विवरण अनुसार आर्थिक बर्षको अन्तमा कट्टी गरेको कर रकम रु. २०,९८७।– राजस्व दाखिला गर्न बाँकी देखिएकोले उक्त कर रकम राजस्व दाखिला गर्नुपर्ने रु.</td><td>२०,९८७</td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन । राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन।<br>• दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो<br>• मालसामसान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो।<br>• कर्मचारीले एक पटक लिएको पेश्की फर्स्यौट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो।<br>• पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा तोकिएको समयमा कार्य सम्पन्न नगरेमा कानुन अनुसार कारवाही गरिने उल्लेख गरे तापनि तोकिएको समयमा समेत कार्य सम्पन्न नभएको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् २०७९ भाद्रमा मात्र संघिय र प्रदेश संचितकोषमा रु. ५,२१,९२,६१९/- दाखिला गरेकोपाईयो ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• कार्यक्रमगत खर्चखाता नराखेको ।<br>• कार्यक्रममा भएको खर्चको तरिज वनाई नराखेको ।<br>• आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फर्स्यौट गर्ने गरेको ।<br>• पालिकामा रहेको व्याकहो लोडरको नंम्वरप्लेट लेखापरीक्षण अबधि सम्म पनि सरकारीकरण गरेको देखिएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट, कार्यक्रम तथा लक्ष्य र प्रगति** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री राधिका देवी सुनारले मिति २०७८/०३/१० गते रु. ४९ करोड १७ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/०७/१४ मा मात्र पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/०७/१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम समयमै बजेट पारीत गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४३५१६८७०</td><td>३०१९३९३९</td><td>६.४०</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१२३७७३९७७</td><td>८४१२२०७५</td><td>१७.८३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२६२६५८९७०</td><td>२३०३६११७८</td><td>४८.८४</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र</td><td>३५२३१५००</td><td>३०३६५११६</td><td>६.४३</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>१२१२८७०४९</td><td>९६६२९४५२</td><td>२०.४८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५८६४६८३६७</td><td>४७१६७१७६२</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी खर्च सामाजिक विकासमा ४८.८४ प्रतिशत र घटीमा आर्थिक विकासमा ६.४० प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.३</td><td></td><td></td><td>बजेट अवण्डाः नगरपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकिकरणको आधारमा योजना छनौट गरी बजेट विनियोजन गर्नुपर्दछ । यस वर्ष पालिकाले सभाबाट पारित बजेट तथा कार्यक्रममा कार्यबिधि अनुसार योजना तथा कार्यक्रम खर्च शिर्षक, तटवन्धन र भु संरक्षणको लागि कार्यपालिकाको निर्ण अनुसार खर्च शिर्षकमा रु. १ करोड ९ लाख ९ हजार अवण्डा रकम विनियोजित गरी सोबाट बिभिन्न समयमा कार्यपालिकाको निर्णय गरी छनौट भएका आयोजना तथा कार्यक्रममा खर्च गर्ने गरेको देखियो। पालिकाले यसरी अवण्डामा बजेट विनियोजित गरी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-५० लाख सम्म</th><th>५० लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>१०५</td><td>३७</td><td>२७</td><td>९</td><td>१९</td><td>४</td><td>२०१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष १० हजार देखि ५० लाख सम्मका जम्मा १९७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १०५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>खर्च बिश्लेषणः नगरपालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु. ३२ लाख ३९ हजार, राजस्व बाँडफाँड, अनुदान र गत बर्षको अल्या समेत रु. ५७ करोड ३३ लाख ९५ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३३ करोड ७७ लाख ५९ हजार र पूँजिगत तर्फ रु. १३ करोड ३९ लाख १२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ३ लाख ८६ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा पदाधिकारी सुबिधा खर्च ३१५ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१ प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.६</td><td></td><td></td><td>लक्ष्य प्रगति : पालिकाले स्वीकृत कार्यक्रम अनुसार लक्ष्य प्रगति हासिल गर्नुपर्दछ । पालिकावाट प्राप्त विवरण अनुसार यस बर्ष कुल ६१९ योजना मध्ये ६९ योजनामा शुन्य प्रगति, १२ योजनाको २५ प्रतिशत भन्दा घटी प्रगति, ३ योजनामा ५० प्रतिशत भन्दा घटी प्रगति भएको देखिन्छ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th><th></th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th></th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>६१९</td><td>६९</td><td>१२</td><td>३</td><td>५३५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६.७</td><td></td><td></td><td>चौमासिक खर्चः पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>३३७७५९</td><td>८३४९४</td><td>९२९१२</td><td>१६१३५२</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१३३९१२</td><td>०</td><td>२३६१४</td><td>११०२९८</td></tr>
<tr><td>जम्मा</td><td>४७१६७१</td><td>८३४९४</td><td>११६५२६</td><td>२७१६५०</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१७.७०</td><td>२४.७०</td><td>५७.५९</td></tr>
</table>
नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४७ करोड १६ लाख ७१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८ करोड ३४ लाख ९४ हजार अर्थात १७.७० प्रतिशत, दोश्रो चौमासिकमा रु. ११ करोड ६५ लाख २६ हजार, अर्थात २४.७०</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिशत र तेश्रो चौमासिकमा रु. २७ करोड १६ लाख ५० हजार, अर्थात ५७.५९ प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ७ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ७.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ६ जना (करार बाहेक) पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले आधारभुत स्वास्थ्य केन्द्रका कर्मचारी समेत जम्मा ८८ जना कर्मचारीहरु करारमा राखि रु. १,९३,५७,८७२/- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको प्रशासन सहायक र मदिरा स्वयंसेवक समेत २ पदमा ५ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १२,३६,७३६/-भुक्तानी गरेको अनियमित दिखएको रु. | १,२३६,७३६ |
| ७.३ | | | **कल्याणकारि कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| ७.४ | | | **वडा सचिवको पदपूर्ति** : नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ९ दरबन्दी भएकोमा सबै पद रिक्त भएको देखियो । सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका सवै पदमा पदपुर्ती नभई रिक्त रहेको र उक्त पदमा स्वास्थ्य तर्फका कर्मचारीलाई जिम्मेवारी दिई कार्य संचालन गरेको देखियो । पालिकाले वडा सचिवको पदपुर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.५</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था बमोजिम २९ वटा ऐन, नियम, कार्यविधि लगायतका कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन् । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td><td></td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>११४७</td><td>११४७</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१३७</td><td>१३७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>६२</td><td>१०२</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१८०</td><td>१८०</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>0</td><td>0</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>७</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>१ भईरहेको</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>-</td><td></td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कानुन निर्माण तथा कार्यान्वयन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष समेत थप विवाद दर्ता नभएको उल्लेख छ । | |
| ८.२ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ। पालिकाले मन्त्रालयवाट प्राप्त नमुना कानुनहरुको आधार मानी यस बर्ष सम्म सभावाट २९ वटा ऐन/नियम/नीति र कार्यबिधि पारित भएको देखिन्छ। पालिकाले नगरसभावाट कानुनहरु पारित गरेता पनि उक्त कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन। पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| ८.३ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारीको बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **आर्थिक सहायता तथा राहत वितरण** | |
| ९.१ | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष औषधि उपचार खर्चको लागि रु. १४,७८,०००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणमा कार्यविधि तयार गरी उक्त मापदण्डको आधारमा वितरण गरी आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९.२ | | | **राहत रकम बितरण** : नगर विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७७ को दफा १२ मा व्यवस्थापनको लागि एक छुट्टै कोष रहने र सोही ऐनको दफा १८ मा नगरपालिकाले विपद प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउदा मापदण्ड वनाई सोको आधारमा राहत उपलब्ध गराउनु पर्ने उल्लेख छ । पालिका यस बर्ष विपद र विपन्न राहत वापत बिभिन्न व्यक्तिलाई रु. २६,५५,०००/- राहत रकम वडा कार्यालय मार्फत उपलब्ध गराएकोमा ऐनमा भएको व्यवस्था वमोजिम मापदण्ड तयार नगरी नगर कार्यपालिकाको निर्णय अनुसार राहत रकम उपलब्ध गराएको देखियो । त्यस्तै ऐनमा भएको व्यवस्था बमोजिम नगरपालिकामा रहेको विपद व्यवस्थापन कोषमा रकम जम्मा गरी सोही कोषवाट खर्च गर्नु पर्नेमा नगरपालिकाको चालु खर्च खातावाट राहत रकम उपलब्ध गराएको देखिन्छ । पालिकाले विपद प्रभावित व्यक्तिको सम्वन्धमा सम्वन्धित वडा कार्यालयको सिफारिस, सम्वन्धित प्रभावित व्यक्तिको निवेदन र क्षतिपुर्तीको सम्वन्धमा प्रहरीको मुचुल्का पेश गरेको आधारमा राहत रकम उपलब्ध गराउनु पर्नेमा उक्त कागजात तथा प्रमाण पेश नभएको अवस्थामा समेत राहत तथा क्षतिपुर्ती रकम उपलब्ध गराउदा बास्तविक विपद वाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रभावित व्यक्ति बाहेक अन्य ब्यक्तिले पनि राहत रकम प्राप्त गर्न सक्ने अवस्था रहेको छ । अत पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी राहत वितरण कार्यलाई प्रभाकारी र व्यवस्थित वनाउनु पर्दछ । | |
| १० | | | **सार्वजनिक सम्पत्तिको संरक्षण** | |
| १०.१ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १०.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br><br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।<br>• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ । | |
| ११ | | | **उपभोक्ता समिति र खरिद व्यवस्थापन** | |
| ११.१ | | | **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न ८९ उपभोक्ता समितिसँग सम्झौता गरी रु. ४,०७,०६,१०५/- भुक्तानी गरी कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| ११.२ | | | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहितका भवन निर्माण र खानेपानी संरचना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | |
| ११.३ | | | **गुणस्तर परीक्षण**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र ठेक्काद्वारा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा समेत गुणस्तर परीक्षणको आईटम समावेश नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसमानको गुणस्तर परीक्षण गरी निर्माण कार्य र खरिद भएको मालसमान गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| ११.४ | | | **एजविल्ट नक्सा पेश नभएको**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नुपर्दछ । | |
| ११.५ | | | **नापी किताब**ः निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ।अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखिनु पर्दछ। | |
| ११.६ | | | **मर्मत सम्भार कोष**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न आयोजना, कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.७ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ११.८ | | | **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण, मुल्य,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। | |
| ११.९ | | | **डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १२ | | | **प्रकोप व्यवस्थापन** | |
| १२.१ | | | **समिति गठन** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिए बमोजिमको नगरपालिका र वडास्तरीय विपद व्यथापन समिति गठन गरेको भएतापनि बैठक बस्ने तथा अन्य कार्यहरु प्रभाबकारी रुपमा गरेको पाइएन। ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **कार्य योजना** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ। | |
| १२.३ | | | **वार्षिक प्रतिवेदन**: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना गरी बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्नुपर्दछ । | |
| १२.४ | | | **प्रकोप व्यवस्थापन कोष** : पालिकाले विपद व्यवस्थापनको लागि प्रकोप व्यवस्थान कोष स्थापना गरी उक्त कोषमा संघीय सरकार, प्रदेश सरकार, अन्य सरकारवाट प्राप्त भएको रकम र पालिकाले विनियोजन गरेको बजेट समेत उक्त कोषमा जम्मा गरी विपद व्यवस्थापन सम्वन्धि कार्य योजना र योजना तर्जुमा गरी सोही बमोजिम उक्त कोषवाट खर्च लेख्नु पर्दछ । तर पालिकाको प्रकोप व्यवस्थापन कोषमा गत बर्षको मौज्दात रु. १,०५,३८९/- रहेकोमा यस बर्ष समेत उक्त रकम मौज्दात रहेको देखिन्छ भने पालिकाले विपद व्यवस्थापन सम्वन्धि खर्च सिधै नगरपालिका चालु खर्च शिर्षकवाट खर्च लेखेको छ । पालिकाले विपद व्यवस्थापन सम्वन्धि खर्च प्रकोप व्यवस्थापन कोष बाट गर्नुपर्दछ । | |
| १३ | | | **पदाधिकारी सुबिधा** | |
| १३.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधमा निम्नानुसार रु. ७५,४६,४१५/- खर्च भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>१७०००</td><td>१७८५०</td><td>१२५८००</td><td>१२४१००</td><td>०</td><td>२८४७५०</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>९०००</td><td>३९५००</td><td>१४५०००</td><td>१९३५००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>७११६५</td><td>६१०००</td><td>३४४०००</td><td>२७६५००</td><td>५८००००</td><td>१३३२६६५</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>६५०००</td><td>५००००</td><td>३४४०००</td><td>२५९०००</td><td>७२५०००</td><td>१४४३०००</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>१०००००</td><td>९००००</td><td>२६६५००</td><td>४७४०००</td><td>११६००००</td><td>२०९०५००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>११००००</td><td>१०००००</td><td>६८८०००</td><td>०</td><td>०</td><td>८९८०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>४००००</td><td>३५०००</td><td>२१५०००</td><td>१९७५००</td><td>२९००००</td><td>७७७५००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२७५००</td><td>२५०००</td><td>१६२०००</td><td>८००००</td><td>२३२०००</td><td>५२६५००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३०६६५</td><td>३७८८५०</td><td>२१५४३००</td><td>१४५०६००</td><td>३१३२०००</td><td>७५४६४१५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>सचिवालय खर्चः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ मा नगर प्रमुख तथा उप प्रमुखको सचिवालय सम्बन्धि व्यवस्था गरेको छैन ।पालिकाले यस बर्ष सचिवलाय खर्च वापत निम्नानुसारको रकम खर्च लेखी भुक्तानी गरेको छ । यसरी ऐन नियममा व्यवस्था नभएको रकम रु. १,३९,०५६/- खर्च लेखेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><td>गोश्वरा भौचर नं र मिति</td><td>खर्चको विवरण खर्च रकम</td><td>खर्च रकम</td></tr>
<tr><td>६१९-२०७९।३।१५</td><td>सचिवालय सामाग्रि खरिद</td><td>३९३६०</td></tr>
</table>
</td><td>१३९,०५६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६१९-२०७९।३।१९</td><td>सचिवालय क.अ.को तलव</td><td>४१६६६</td></tr>
<tr><td>६१९-२०७९।३।२५</td><td>नगर प्रमुखको भान्छाको सामान खरिद</td><td>४०५८०</td></tr>
<tr><td>६१९-२०७९।३।२५</td><td>सचिवालय बिबिध खर्च</td><td>१७४५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३९०५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>सचिवालय कर्मचारी खर्चः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ मा नगर प्रमुख तथा उप प्रमुखको सचिवालय सम्बन्धि व्यवस्था गरेको छैन ।पालिकाले नियमित कार्यालय प्रयोजन बाहेक नगरप्रमुखको सचिवालयको लागि १ कर्मचारी सचिवालयमा कार्य गर्ने गरी नियुक्त गरेको छ । नियमित कार्यालय प्रयोजन बाहेक १ जना कर्मचारी नियुक्त गरी रु. २,९०,०००/- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु</td><td>२९०,०००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>अनुदान फिर्ता, अनुदानको वितरण र उपयोग</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>अनुदानः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई रु. ५,२१,९२,६१९/- बाँकी रहेकोमा लेखापरीक्षणको क्रममा २०७९ भाद्रमा मात्र फिर्ता गरेको देखिन्छ । पालिकाले खर्च नभई बाँकी रहेको रकम आक्षाढ मसान्त भित्रनै फिर्ता गर्नुपर्दछ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>फिर्ता बाँकी रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>३२०३८२२२.९२</td></tr>
<tr><td>विषेश</td><td>१४१४९९८१.५४</td></tr>
<tr><td>समपूरक</td><td>३२६४६७९.८६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td rowspan="2">प्रदेश सरकार</td><td>विषेश</td><td>४७९००३</td></tr><tr><td>समपूरक</td><td>२२६०७३२</td></tr><tr><td colspan="2">जम्मा</td><td>५२१९२६१९.<br>३२</td></tr></table></td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत बिगत बर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्वन्धी कानुन वनाई अनुगमनलाई प्रभावकारी वनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>अभिलेख<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आर्थिक वर्ष २०७८।७९ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>कर अनुमान र संकलनःस्थानीय सरकार संचालन ऐन, २०७४ दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत नगरी एकमुष्ट आय रु ५०,००,०००।- प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु ३२,३९,८९२।– अर्थात ६४.७९ प्रतिशत मात्र संकलन भएको देखिन्छ। वास्तविक आय संकलन घटी देखिएबाट आएको अनुमान भरपर्दो देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>रसिद नियन्त्रण खाताः यस नगरपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म ले प फा नं ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली आम्दानी खर्च र बाँकी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाताको अभिलेख राखी राजस्व आम्दानीलाई व्यवस्थित वनाउनुपर्दछ। | |
| १७ | | | **राजस्व अभिलेख**<br><br>त्रिवेणी नगरपालिकाको ब्याक-हो लोडर संचालन सम्बन्धि कार्यविधि, २०७८ मा ब्याक-हो लोडरको संचालन प्रक्रिया तथा शुल्क सम्बन्धी व्यवस्था तथा पालिकाले कुनै व्यक्ति, उपभोक्ता समूह, संघसंस्था वा प्राइभेट फर्म संचालन कर्ताबाट ब्याक-हो लोडर माग भई आएमा तोकिएको शुल्क नगदै वा बैंक खाता मार्फत अग्रिम बुझाउनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले ब्याक-हो लोडर संचालन तथा प्रयोग खुल्ने लगबुक राख्नुपर्नेमा लगबक नराखेकोले यस आर्थिक बर्षमा ब्याक-हो लोडर कति अबधि प्रयोग भयो, उक्त ब्याक-हो लोडर प्रयोग गरेवापत के कती भाडा आम्दानी हुनु पर्ने हो र सो आम्दानी भएको भाडा रकम पालिकाको राजस्वमा दाखिला भए नभएको एकिन गर्न सकिएन । ब्याक-हो लोडर चालकको संचालन डायरीमा उल्लेख भए अनुसार पालिकाले निम्नानुसार व्यक्ति तथा निर्माण व्यवसायीलाई ब्याक-हो लोडर भाडामा दिएको देखिएकोमा शुल्क रकम असुल गरेको नदेखिएकोले सम्बन्धित पदाधिकारी र कर्मचारीलाई जिम्मेवार बनाई ब्याक-हो लोडर प्रयोग वापतको शुल्क रकम असुल गर्नुपर्ने रु. | ५२४,२४८ |

| क्रस | प्रयोगकर्ताको नाम | समय | दर | रकम | १० प्रतिशत व्याज थप सहित हुने रकम |
|---|---|---|---|---|---|
| १ | गणेश साउद | २ घण्टा २४ मिनेट | २९०० | ६९५९ | ७६५५ |
| २ | मिन ब. भण्डारी | ७ घण्टा १८ मिनेट | २९०० | २११६९ | २३२८६ |
| ३ | तेज भण्डारी | ५१ घण्टा ८ मिनेट | २२०० | ११२४१३ | १२३६५४ |
| ४ | छत्र रौले | २५घण्टा ३० मिनेट | २२०० | ५६१०० | ६१७१० |
| ५ | सुरेन्द्र गिरी | १२७घण्टा ३ मिनेट | २२०० | २७९९४९ | ३०७९४३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>४७६५९०</td><td>५२४२४८</td></tr></table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>ढीला रकम दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१०) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ। यस पालिकाका वडाहरुले लामो समय पछि मात्र राजश्ज रकम दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>ब्याकहो लोडर आम्दानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्ने समेत उल्लेख छ। पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।राजश्व असुली भएको तर दाखिला नगरेको निम्नानुसारको रकम सम्बन्धितलाई जिम्मेवार बनाई संचितकोष दाखिला गर्नुपर्ने रु.<table><tr><td>वडा नं.</td><td>रकम</td><td>कैफियत</td></tr><tr><td>२</td><td>८६५२९</td><td>दाखिला गर्न बाँकी</td></tr><tr><td>३</td><td>८५९१६</td><td>दाखिला गर्न बाँकी</td></tr><tr><td>७</td><td>९७९३८</td><td>दाखिला गर्न बाँकी</td></tr><tr><td>८</td><td>७६७४८</td><td>दाखिला गर्न बाँकी</td></tr></table></td><td>४४३,८२९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>९</td><td>९६६९८</td><td>दाखिला गर्न बाँकी</td></tr><tr><td>जम्मा</td><td>४४३८२९</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>दहत्तर बहत्तर शुल्क<br><br>सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७८ को दफा ८ (३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसूची ६ मा तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । यस नगरपालिकाले यस वर्ष यस शिर्षमा कुनै पनि कर संकलन गरेको छैन । नगरपालिकाले आफ्नो क्षेत्र भित्रका नदिहरुमा आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सामाजिक सुरक्षा एवं संरक्षणतर्फ</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>एम.आई.एस.प्रणालीः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>लाभग्राहीको विवरण प्रविष्ट गर्ने: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम २ बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या बराबर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पारदर्शिता र जवाफदेहिता</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| २३ | | | **सार्वजनिक सुनुवाई**<br><br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। | |
| २४ | | | **अनुगमन**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| २५ | | | **भत्ता वितरण**<br><br>यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।<br><br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रतेक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित | • |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन।कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छन। पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>क्र.स</th><th>नाम थर</th><th>समूह</th><th>त्रैमासिक</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td colspan="6">वडा नं. ३</td></tr>
<tr><td>१</td><td>अम्रिताशाही<br>१९९४१२३०९६००३</td><td>अन्य ज्येष्ठ नागरिक ७०</td><td>तेस्रो</td><td>मृत्यू मिति<br>२०७८।९।२९</td><td>५३३३</td></tr>
</table></td><td>१३४,४८५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बसुदेवी साउद २००८०१०४०७८९९ | अन्य ज्येष्ठ नागरिक ७० | पहिलो | दोहोरो | १२००० |
| **वडा नं ४** | | | | | |
| ३ | चन्द्र साउद १९९३१२३०७४५५६ | अन्य ज्येष्ठ नागरिक ७० | चौथो | मृत्यू मिति २०७९।२।१५ | १२००० |
| ४ | झुसे सार्की (१९९६१२३०९५७५२) | अन्य ज्येष्ठ नागरिक ७० | चौथो | मृत्यू मिति २०७९।२।२१ | १२००० |
| ५ | हिरा देवी साउद १९९८१२३१३७३०३ | अन्य ज्येष्ठ नागरिक ७० | तेस्रो र चौथो | मृत्यू मिति २०७८।१०।१ | २४००० |
| ६ | काली देवी साउद १९८९०३३०००१८६ | अन्य ज्येष्ठ नागरिक ७० | पहिलो देखि चौथो सम्म | मृत्यू मिति २०७७।१२।२० | ४८००० |
| ७ | कलु साउद १९९८१२३१३७२५३ | अन्य ज्येष्ठ नागरिक ७० | तेस्रो | मृत्यू मिति २०७८।१०।१८ | ६४०० |
| ८ | मानसिंह साउद २००४०३०३०१३८६ | अन्य ज्येष्ठ नागरिक ७० | चौथो | मृत्यू मिति २०७८।११।२४ | १२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>जंगे सार्कि २०१८०२०२०२२७१</td><td>ज्येष्ठ दलित नागरिक</td><td>दोस्रो</td><td>मृत्यू मिति २०७८।७।२४</td><td>२७५२</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१३४४८५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>बाँकी रकम फिर्ता<br><br>पालिकाबाट सामाजिक सुरक्षा भत्ता नेपाल बैङ्क लिमिटेडमा वितरणको लागि निकाशा गरिएकोमा सम्बन्धित व्यक्तिको खातामा नगएको रकम खुल्ने विवरण समयमा नै MIS मा फिर्ता (Reverse Feed) नगरेकोले वास्तविक वितरण भएको रकम एकिन गर्न सकिएन।MIS अनुसार पालिकाले पहिलो देखि अन्तिम किस्ता सम्म बैंकमा जम्मा रु. ७९४५९१२९। भुक्तानी दिएकोमा बैंकले लेखापरीक्षणको क्रममा उपलब्ध गराएको Reverse Feed को डाटा अनुसार जम्मा रु. ७९३८२४०१। मात्र लाभग्राहीको खातामा रकम जम्मा भएकोले बाँकी भएको रकम रु. ७६७२८ हालसम्म पनि बैंकले पालिकामा फिर्ता गरेको छैन।तसर्थ बैंकले समयमा नै reverse feed गरी बाँकी हुन आउने रकम फिर्ता गर्नुपर्ने रु.</td><td>७६,७२८</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>नगरपालिका पुजिगततर्फ<br><br>उपभोक्ता समितिको काम निर्माण व्यवसायी मार्फत गराएकोः उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न नगरी निर्माण व्यवसायी मार्फत गराउन नपाइने र निर्माण व्यवसायी मार्फत गरेको पाइएमा सार्वजनिक निकायले आवश्यक जाँचबुझ गरी समितिसँगको सम्झौता तोडी बाँकी काम प्रचलित कानुन बमोजिम आफैँ गराउन सक्ने व्यवस्था सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उल्लेख छ।पालिकाको श्रेष्ता परीक्षण गर्दा उपभोक्ता समिति आफैँले निर्माण कार्य सम्पन्न गर्नु पर्ने गरी पालिका र उपभोक्ता समितिबीच खरिद सम्झौता भएका केही निर्माण कार्य सम्बन्धित उपभोक्ता समितिले आफैँले नगरी निर्माण सेवा मार्फत गराई खर्च लेख्ने गरेको पाइयो।समिति आफैँले गर्नुपर्ने गरी खरिद सम्झौता भएका निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउँदा समेत पालिकाले त्यस्तो कामको आवश्यक छानविन गरी प्रचलित कानुन अनुसार गरेको पाइएन।सम्झौता अनुसारको कार्य नगर्ने उपभोक्ता समिति वा लाभग्राही समुदायलाई प्रचलित कानुन अनुसार कारवाही गरी यस्ता कार्यमा नियन्त्रण गरिनु पर्दछ।यस प्रकारका कार्यको केही उदाहरण देहायबमोजिम छन।
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>निर्माण कार्य</th><th>ल.ई तथा सम्झौता रकम</th><th>न.पाले व्यहोर्ने रकम</th><th>सम्झौता भएको उ.स.को नाम</th><th>काम गर्ने निर्माण सेवाको नाम</th><th>उ.स. लाई भुक्तानी भएको रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०५।०७९।२।२६</td><td>मालकोट किम्मी सडक ट्र्याक ओपनिङ्ग कार्य</td><td>५७४२६९</td><td>५०००००</td><td>मालाकोट किम्मी सडक निर्माण उ.स.</td><td>ओम वैजनाथ विल्डर्स प्रा.लि</td><td>४७४३९३</td></tr>
<tr><td>२३८।०७९।३।१३</td><td>रिन्तोला बल्दे सडक निर्माण कार्य</td><td>५०८८४३</td><td>४४२०००</td><td>रिन्तोला बल्दे सडक निर्माण उ.स.</td><td>ब्रम्हदेव निर्माण सेवा</td><td>४१२३६६</td></tr>
<tr><td>२३९।०७९।३।१३</td><td>श्री पार्वती मा.वि. को खेल मैदान निर्माण कार्य</td><td>६३२२१२</td><td>५५८०००</td><td>श्री पार्वती मा.वि. को खेल मैदान निर्माण उ.स.</td><td>ब्रम्हदेव निर्माण सेवा</td><td>५३०१००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१४१६८५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>विल विजकको भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छनः</td><td></td></tr>
<tr><td>२९.१</td><td>१७</td><td>२०७८-९-११</td><td>कवोल अंक रु. ६,८७,४८,०३१।–भएको यस त्रिवेणी नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माण कार्यको लागि २०७९।२।१५ गते निर्माण कार्य सम्पन्न गर्ने गरी एम के विल्डर्स एण्ड कन्सट्रक्सन कम्पनीसँग मिति ०७७।८।५ मा खरिद सम्झौता भएको थियो। खरिद सम्झौता अनुसार पालिकाले निर्माण सेवालाई २०७९।३।३१ भित्र चौथो रनिङ्ग विल सम्म रु. ३,५०,४०,८११।-भुक्तानी भएको छ। निर्माण कार्यसँग सम्बन्धित नापी किताव र रनिङ्ग विल परिक्षण गर्दा दोस्रो नापी तथा भुक्तानी भएको रु. ७५,४८,०२०।३२ को कार्य मध्ये पि.सि.सि. १:१:२ M25 को Plinth beam को खुद कार्य २३.२३ घ.मी. र Ground floor beam को खुद कार्य ४१.०५ घ.मी. समेत जम्मा ६४.२८ घ.मी. को मात्र कार्य भएकोमा नापी कितावdf फरक परिमाण गणना गरी दोस्रो रनिङ्ग विलबाट उक्त कार्यको १४४.१६ घ.मी. को प्रति घ.मी. रु. १८,६४५ का दरले रु. २६,८७,८६३।- भुक्तानी भएको पाइयो। अतः एम २५ को खुद कार्य</td><td>१,४८९,३६३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६४.२८ घ.मी. मात्र भएकोमा परीमाण फरक पारी १४४.१६ घ.मी. को भुक्तानी दिएकोले वास्तविक कार्य परिमाण भन्दा ७९.८८ घ.मी. को बढी भुक्तानी भएको रु. १४,८९,३६३।- रकम निर्माण सेवाबाट असुल हुनुपर्ने रु. | |
| २९.२ | ५८ | २०७९ -३-२६ | कवोल अंक रु. २,९६,२२,३५९।- भएको मौरे तोली पुर्भता छतरा सडक स्तरोन्नति कार्यको प्रथम विलको रु. ६४,८३,७४८।- र रु. १,६५,८५,५२३।- को दोस्रो नापी गरी दोस्रो विल सम्म जगदम्बा/राजधानी जे.भी. लाई रु. २,३०,६९,२७१।- भुक्तानी भएको छ। दोस्रो रनिङ्ग विलबाट रु. १,६५,८५,५२३.१६।- भुक्तानी भएको सम्बद्व नापी किताव परिक्षण गर्दा ३*१*१ मेस साइजको ग्याविन जाली १८ वटा, २*१*१ मेस साइजको ग्याविन जाली १०१ वटा र १.५*१*१ मेस साइजको ग्याविन जाली २५७ वटा गरी जम्मा ३७६ वटा ग्याविन जाली प्रयोग भएको पाइयो । सो प्रयोग भएको ग्याविन जाली र सो जालीमा खपत हुने वोल्डरको गणना गर्दा उपरोक्त ३ साइजका ३७६ वटा ग्याविन जालीमा जम्मा ६४१.५० घ.मी. वोल्डर खपत देखाउनुपर्नेमा ६६८.५० घ.मी. वोल्डर खपत देखाई प्रति घ.मी. रु. ३३९० ले रु. २१,७४,६८५।- खर्च लेखेको पाइयो। प्रयोग भएको जाली संख्या अनुसार वोल्डर खपत ६४१.५० घ.मी. मात्र खर्च दखाउनु पर्नेमा ६६८.५० घ.मी. देखाएकोले खपत नभएको २७ घ.मी. वोल्डरको रु. ९१,५३०।- बढी खर्च देखाएकोले निर्माण सेवाबाट असुल हुनुपर्ने रु. | ९१,५३० |
| २९.३ | ८४ | २०७८ -१२-१ | कुल मूल्यांकन रु. ५,६७,१४०.००- भएको खिन्मे आवासिय विद्यालयको खेल मैदान निर्माण कार्य अन्तर्गतको ग्याविन वाल निर्माण कार्यको उपभोक्ता समितिलाई रु. ४,७३,३९९.००- भुक्तानी भएको सम्बद्व नापी किताव र रनिङ्ग विल परीक्षण गर्दा नापी कितावमा १.५*१*१ मेस साइजको ४६ वटा ग्यावीन जाली प्रयोग भएको पाइयो। ग्याविन जाली र वोल्डर खपतको गणना गर्दा उक्त साइजको ग्याविन जालीमा जम्मा ६९ घ.मी. मात्र वोल्डर खपत देखाउन पर्नेमा ७९ घ.मी. वोल्डर खपत देखाएकोले वास्तविक खपत हुने वोल्डरको परिमाण भन्दा १० घ.मी. वोल्डर बढी खपत देखाई प्रति घ.मी. ३६०० का दरले बढी भुक्तानी रु. ३६,०००।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | ३६,००० |
| २९.४ | १०९ | २०७८ -१२-४ | लागत अनुमान रु. १२,०४,७४६।- रहेको वडा नम्बर ४ को क्रमागत भवन निर्माण कार्यको प्राविधिक मूल्यांकन पश्चात उपभोक्ता समितिलाई रु. ९,५०,०००।- भुक्तानी भएको छ। भुक्तानीसँग सम्बन्धित निर्माण कार्यको विस्तृत लागत अनुमान र निर्माण कार्यमा प्रयोग गरिने फलामे डण्डीको वार सेड्युल परीक्षण गर्दा Long wall stirrups in beam @ २०० mm c/c को लागि ८ एम एम को ५९९*१.१५*०.३९५ ले जम्मा २७२.१४ के.जी मात्र खपत हुने देखिएकोमा परिमाण फरक पारी ८४४*१.८५*०.३९५ ले जम्मा ६१६.८५ के.जी. को प्रति के.जी. रु. १३४ ले खर्च लेखेको पाइयो । अतः स्वीकृत डिजाइन, विस्तृत लागत अनुमान र बार सेड्यूल अनुसार उक्त निर्माण कार्यमा खपत देखाउनुपर्ने डण्डीको परिमाण भन्दा फरक परिमाण देखाई बढी खर्च हुन गएको ३७४.७१ के.जी. फलामे डण्डीको रु. ४६,१९१।- सम्बन्धीत उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | ४६,१९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.५</td><td>१२२</td><td>२०७८-१२-१३</td><td>खिरापाटा किम्नी सडकको मेशिनद्वारा सडक खन्ने कार्यको अन्तिम विलको रु. १८,७३,४८५।-मूल्यांकन गरी राजधानी निर्माण सेवालाई भुक्तानी भएको छ । Earth work calculation sheet अनुसार जम्मा २१४३६.४७५ घ.मी. को मेशिन द्वारा सडक खन्ने कार्य भएको मध्ये नरम माटो १०१७५.०७५ घ.मि., कडा माटो ९०४४.८८ घ.मी., नरम चट्टान १०५५.७४ घ.मी. र कडा चट्टान ११६०.७८ घ.मी. को मात्र कार्य भएकोमा फरक परिमाण गणना गरी तपशिल बमोजिम २१८६०.४८ घ.मी. को नापी गरी भुक्तानी गर्दा नरम माटो १७१.९६५ घ.मी., कडा माटो ९.६० घ.मी., नरम चट्टान ६६.७२ घ.मी. र कडा चट्टान १७५.७२ घ.मी. को मू.अ.कर थप समेत रु. १,१८,८५२।- बढी भुक्तानी दिएकोले निर्माण सेवाबाट असूल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>खन्ने कार्यको प्रकार</th><th>भुक्तानी भएको परिमाण (घ.मी. )</th><th>क्यालकुलेशन सिट अनुसारको वास्तविक परिमाण (घ.मी. )</th><th>फरक परिमाण (घ.मी)</th><th>दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>Soft Soil</td><td>१०३४७।०४</td><td>१०१७५।०७५</td><td>१७१।९६५</td><td>४०</td><td>६८७८।६०</td></tr>
<tr><td>Hard Soil</td><td>९०५४।४८</td><td>९०४४।८८</td><td>९।६०</td><td>४५</td><td>४३२</td></tr>
<tr><td>Ordinary Rock</td><td>११२२।४६</td><td>१०५५।७४</td><td>६६।७२</td><td>१५०</td><td>१०००८</td></tr>
<tr><td>Hard Rock</td><td>१३३६।५०</td><td>११६०।७८</td><td>१७५।७२</td><td>५००</td><td>८७८६०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१०५१७८।६०</td></tr>
<tr><td colspan="5">मू.अ. कर</td><td>१३६७३।५२</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>११८८५२</td></tr>
</table></td><td>११८,८५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.६ | १३२ | २०७९-२-२५ | कबोल अंक रु. २,९६,२२,३५९।- भएको मौरे तोली पुखौता छतारा सडक निर्माण कार्यको लागि पालिकाले प्रथम विलको रु. ६४,८३,७४८।- मूल्यांकन गरी निर्माण सेवा श्री जगदम्बा/राजधानी ज.भी. लाई भुक्तानी गरेको छ। उक्त निर्माण कार्यको नापी किताव परीक्षण गर्दा चेनेज नम्बर ०+००० देखि चेनेज नम्बर ०+२२८.७२ मिटर लम्बाइमा ढुङ्गाको पर्खाल लगाउने प्रयोजनको लागि ३६.९७ घ.मी. जगमा माटो खन्ने कार्य भएको, सोही चेनेजमा २७.७२ घ.मी. को ढुङ्गा सोलिङ्ग र १३.८६ घ.मी. पि.सि.सि कार्य गरी २२८.७२ मिटर लम्बाईमा ३२७.४८ घ.मी. को ढुङ्गाको पर्खालको खर्च देखाउनु पर्नेमा चेनेज उल्लेख नगरेको स्थानमा जगमा माटो खन्ने, सोलिङ्ग गर्ने र पि.सि.सि. गर्ने कार्य नगरेको र चेनेज उल्लेख नगरेको स्थानमा थप १००.८२ घ.मी. ढुङ्गाको पर्खाल लगाएको थप नापी गरी प्रति घ.मी. रु. ११३०० ले रु. ११,३९,२६६।- भुक्तानी गरेको पाइयो। ढुङ्गाको पर्खालको कार्यको देखाउनु पूर्व चेनेज उल्लेख गरी जगमा माटो खन्ने, सोलिङ्ग गर्ने र पि.सि.सि. को कार्य देखाई सोही चेनेजमा मात्र ढुङ्गाको पर्खाल लगाएर नापी गरेको आधारमा मात्र रनिङ्ग विल बनाई भुक्तानी गर्नुपर्नेमा चेनेज उल्लेख नगरी र जग खन्ने, सोलिङ्ग र पि.सि.सि नगरी थप लम्बाईमा नभएको कार्य भएको भनी १००.८२ घ.मी. को बढी भुक्तानी भएको उक्त रकम निर्माण सेवाबाट असुल हुनुपर्ने रु. | १,१३९,२६६ |
| ३० | २२९ | २०७९-३-७ | **बढि भुक्तानी**<br><br>मालागाँउ तामसु पइमा सडक निर्माण कार्यको रु. १५,९५,८०४।- मूल्यांकन गरी त्यस निर्माण कार्यका उपभोक्ता समितालई रु. १३,२६,२७२।- भुक्तानी भएको छ । Earth work calculation sheet अनुसार मेशिनद्वारा सडक खन्ने कार्यको जम्मा कटिङ्ग भोलम १६२०८.६४० घ.मी. भएको मध्ये कडा माटो ३९९५.८९ घ.मी., नरम माटो १०१०८.७६ घ.मी., नरम चट्टान १००८.२७ घ.मी. र कडा चटान १०९६.१५ घ.मी. रहेको तर रनिङ्ग विलबाट नरम माटो खन्ने कार्य १०३१८.०३ घ.मी. को खर्च लेखेकोले Earth work calculation sheet अनुसार नरम माटो खन्ने कार्यको वास्तविक कार्यपरिमाण भन्दा २०९.२७ घ.मी. को प्रति घ.मी. ४८.५८ ले रु. १०,१६६।- बढी भुक्तानी भएकोले यस निर्माण कार्यका उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | १०,१६६ |
| ३१ | | | **मूल्य अभिवृद्धि कर दाखिला नगरेको**<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर आयोजना कार्यालयले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सो को मूल्य समायोजन प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु. | २५६,७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| गो भौ/मिति | सप्लायर्स/विक्रेता | खरिदको प्रकार | विल रकम | मू.अ. कर | ३०% मू.अ.कर |
|---|---|---|---|---|---|
| ७।०७८।९।४ | ग्लोबल मेडी इक्वीपमेन्ट धनगढी, कैलाली | स्ट्रेचर खरिद | १७२५५० | २२४३२ | ६७२९ |
| ८।०७८।९।४ | मा उग्रतारा कम्प्यूटर एण्ड अर्डर सप्लायर्स | ल्यापटप खरिद | ४११५०४ | ५३४९६ | १६०४९ |
| ९।०७८।९।४ | आदित्य इन्फोसिस धनगढी | प्रिन्टर खरिद | २१२३८९ | २७६११ | ८२८३ |
| १०।०७८।९।४ | ग्लोबल मेडी इक्वीपमेन्ट धनगढी, कैलाली | स्ट्रेचर खरिद | १४७९० | १९२३ | ५७७ |
| ११।०७८।९।५ | रोहित निर्माण सेवा | वाल निर्माण कार्य | ४०५०५९ | ५२६५८ | १५७९७ |
| १२।०७८।९।५ | वालाजी इलेक्ट्रोनिक्स | रेफ्रिजेरेटर खरिद | २०१७७० | २६२३० | ७८६९ |
| २३।०७८।९।२३ | नेटवर्क एशोसिएशन प्रा.लि | सफ्टवेयर अपडेट कार्य | ११०६१९ | १४३८० | ४३१४ |
| २९।०७८।९।२६ | दिप निर्माण सेवा | कोल्ड स्टोर निर्माण | ५६९३३४ | ७४०१३ | २२२०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८।०७८।१०।०७ | उपहार निर्माण सेवा | मेशिनरी वाल निर्माण कार्य | ४०६५१९ | ५२८४७ | १५८५४ |
| ४२।०७८।१०।७ | आदित्य इन्फोसिस धनगढी | मेशिनरी सामान खरिद | ४४२४७५ | ५७५२२ | १७२५७ |
| ६५।०७८।११।९ | रेन ट्रेड एण्ड मार्केटिङ्गस | सूचना प्रकाशन | २७०७२५ | ३५१९४ | १०५५८ |
| ८८।०७८।१२।०२ | सेभेन स्टार डिस्टिव्यूटर | मेशिनरी सामान खरिद | १३४५१३ | १७४८७ | ५२४६ |
| १३६।०७८।१२।१८ | न्यू ओसियन ट्रेडर्स | सर्जिकल सामान खरिद | ४१५९०० | ५४०६७ | १६२२० |
| १३७।०७८।१२।१८ | द ग्लोबल सर्जिकल हाउस | सर्जिकल सामान खरिद | ७५१९५ | ९७७५ | २९३३ |
| ५।०७९।३।३० | पण्डित ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामान खरिद | २६५४८७ | ३४५१३ | १०३५४ |
| ४।०७८।९।२० | आदित्य इन्फोसिस धनगढी | ल्यापटप, प्रिन्टर आदि खरिद | १४०७०८ | १८२९२ | ५४८८ |
| ६।०७८।१०।११ | दुर्गा स्टील फर्निचर्स उद्योग धनगढी | फर्निचर्स खरिद | ८४५०० | १०९८५ | ३२९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१।०७९।२।१२ | रेन ट्रेड एण्ड मार्केटिङ्गस | सूचना प्रकाशन | १४३६५० | १८६७५ | ५६०२ |
| २२।०७९।२।१२ | रेन ट्रेड एण्ड मार्केटिङ्गस | सूचना प्रकाशन | ५७४६० | ७४७० | २२४१ |
| २३।०७९।२।१२ | रेन ट्रेड एण्ड मार्केटिङ्गस | सूचना प्रकाशन | १८७८५० | २४४२१ | ७३२६ |
| २४।०७९।२।१२ | रेन ट्रेड एण्ड मार्केटिङ्गस | सूचना प्रकाशन | ११६०२५ | १५०८३ | ४५२५ |
| १८९।०७९।२।१० | न्यू शिखर फर्निचर्स एण्ड फर्निसिङ्ग सप्लायर्स धनगढी | फर्निसिङ्ग खरिद | ३६९००० | ४७९७० | १४३९१ |
| १९०।०७९।२।१० | दिपेश इन्फोसिस | फर्निसिङ्ग खरिद | २१२८२३ | २७६६७ | ८३०० |
| १९५।०७९।२।१३ | दुर्गा स्टील फर्निचर्स उद्योग धनगढी | फर्निचर्स खरिद | ९०००० | ११७०० | ३५१० |
| २४७।०७९।३।१५ | दुर्गा स्टील फर्निचर्स उद्योग धनगढी | फर्निचर्स खरिद | १८७१२५ | २४३२६ | ७२९८ |
| २५०।०७९।३।१५ | न्यू सागर फर्निचर्स उद्योग | सूचना प्रकाशन | ५६००० | ७२८० | २१८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५१।०७९।३।१५</td><td>स्मार्ट टेक नेपाल प्रा.लि</td><td>राजश्व सुधार कार्ययोजना तयारी कार्य</td><td>४४००००</td><td>५७२००</td><td>१७१६०</td></tr>
<tr><td>२५३।०७९।३।२३</td><td>टार्गेट ई. सलुशन कन्सल्टेन्सी</td><td>डि.पि.आर. तयारी कार्य</td><td>३९००००</td><td>५०७००</td><td>१५२१०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२५६७७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. ५ लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ।कार्यालयले यस वर्ष पटक पटक गरी निम्न मालसमान सिमा भन्दा बढी रकमको सोझै खरिद गरेको देखिन्छ । पालिकाले ऐन नियममा भएको व्यवस्था बिपरित पटक पटक गरी सिमा भन्दा बढीको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>गो. भौ. नं./मिति</th><th>फर्मको नाम</th><th>खरिदको प्रकार</th><th>रकम</th></tr>
<tr><td>२२।०७८।९।५</td><td>द ग्लोबल सर्जिकल हाउस धनगढी</td><td>न्यानो झोला खरिद</td><td>४९४९६९</td></tr>
<tr><td>७।०७८।९।४</td><td>ग्लोबल मेडी इक्वीपमेन्ट धनगढी</td><td>मेडिकल इक्वीपमेन्ट खरिद</td><td>१९४९८२</td></tr>
</table>
</td><td>३,६७०,८७९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८।०७८।९।४</td><td>मा उग्रतारा कम्प्यूटर एण्ड अर्डर सप्लायर्स</td><td>मेशिनरी सामान खरिद</td><td>४६५०००</td></tr>
<tr><td>९।०७८।९।४</td><td>आदित्य इन्फोसिस</td><td>मेशिनरी सामान खरिद</td><td>२३९९९९</td></tr>
<tr><td>१२।०७८।९।५</td><td>वालाजी इलेक्ट्रोनिक्स</td><td>मेशिनरी सामान खरिद</td><td>२२८०००</td></tr>
<tr><td>४२।०७८।१०।७</td><td>आदित्य इन्फोसिस</td><td>मेशिनरी औजार खरिद</td><td>४९९९९७</td></tr>
<tr><td>१३६।०७८।१२।१८</td><td>न्यू असियन ट्रेडर्स</td><td>सर्जिकल सामाग्री खरिद</td><td>४६९९६७</td></tr>
<tr><td>१८९।०७९।२।१०</td><td>न्यू शिखर फर्निचर्स एण्ड फर्निसिङ्ग सप्लायर्स</td><td>फर्निचर्स खरिद</td><td>४१६९७०</td></tr>
<tr><td>१९०।०७९।२।१०</td><td>दिपेश स्टील फर्निचर्स उद्योग</td><td>फर्निचर्स खरिद</td><td>२४०४९०</td></tr>
<tr><td>१९५।०७९।२।१३</td><td>दुर्गा स्टील फर्निचर्स उद्योग</td><td>फर्निचर्स खरिद</td><td>१०२७४०</td></tr>
<tr><td>२५०।०७९।३।१५</td><td>न्यू सागर फर्निचर उद्योग</td><td>फर्निचर्स खरिद</td><td>६३२८०</td></tr>
<tr><td>४।०७८।९।२०</td><td>आदित्य इन्फोसिस</td><td>मेशिनरी औजार खरिद</td><td>१५९०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६।०७८।१०।११</td><td>दुर्गा स्टील फर्निचर्स उद्योग</td><td>फर्निचर्स खरिद</td><td>९५४८५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६७०८७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
अधुरा ठेक्काको स्थिति<br><br>
सार्वजनिक खरिद ऐनको दफा ५६ बमोजिमको अवस्था परि खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने र त्यस्तो निवेदन प्राप्त भएपछि निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा सोको कारण खुलाई सुरु सम्झौता अवधिको पन्ध्र प्रतिशत सम्मको अवधि सम्मको म्याद थप गर्नुपर्ने भएमा वोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी पच्चीस प्रतिशत अवधि सम्मको म्याद थप गर्नुपर्ने भएमा विभागिय प्रमुखले थप गर्न सक्नेछ भने सो भन्दा बढी अवधिको म्याद थप गर्नुपर्ने मनासिव कारण भएमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्ने सक्ने व्यवस्था सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उल्लेख छ।श्रेष्ता परीक्षण गर्दा देखिएका केही अधुरा निर्माण कार्यको अवस्था यस प्रकार रहेका छनः
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण सेवाको नाम</th><th>सम्झौता रकम</th><th>सम्झौता तथा सम्पन्न मिति</th><th>म्याद थप</th><th>०७९।३।३१ सम्मको भुक्तानी</th><th>वित्तीय प्रगती प्रतिशत</th></tr>
<tr><td>नगरपालिको मूख्य प्रशासकिय भवन</td><td>एम के विल्डर्स एण्ड कन्सट्रक्सन कम्पनी</td><td>६८७४४८०३१</td><td>२०७७।८।१५ देखि २०७९।२।१५ सम्म</td><td>नभएको</td><td>३५०४०८१२</td><td>५०.९७</td></tr>
<tr><td>मौरितोली पुखौतारछतरा सडक मर्मत</td><td>जगदम्बाRराजधानी जेभी</td><td>२९६२२३५९</td><td>२०७८।१२।१८ देखि २०७९।३।३१ सम्म</td><td>नभएको</td><td>२३०६९२७१</td><td>७७.८८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>विद्यालयमा सोलार सिस्टम जडान कार्य</td><td>सनबृज नेपाल</td><td>३४६८२७६</td><td>२०७८।८।२१ देखि २०७८।१२।२१ सम्म</td><td>नभएको</td><td>१०००००० </td><td>२८.८३</td></tr></table></td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>नगरपालिकाको मुख्य प्रशासकीय भवन निर्माण कार्यका लागि एम.के.विल्डर्स एण्ड कन्सट्रक्सन कम्पनीसँग रु. ६,८७,४८,०३१।- लागतमा मिति २०७७।८।१५ मा भएको सम्झौता अनुसार निर्माण कार्य २०७९।२।१५ मा सम्पन्न गर्नुपर्नेमा म्याट फाण्डेशन र ग्राउण्ड फ्लोर र पहिलो तलाको मुख्य काम सम्पन्न गरी दोस्रो तलाको ढलानको लागि फर्माको कार्य सुरु गर्दै गरेको पाइयो । उक्त कार्यवापत निर्माण व्यवसायीलाई रु. ३,५०,४०,८१२।- रुपैया भुक्तानी भै सम्झौता बमोजिमको ५०.९७ प्रतिशत वित्तीय प्रगती भएको देखिन्छ भने भौतिक प्रगतिको विवरण प्राप्त भएन।निर्माण सम्पन गर्ने अवधी २०७९।२।१५ मै समाप्त भएको र निर्माण सेवाले म्याद थपको लागि निवेदन दिएतापनि बीमा, कार्यसम्पादन जमानत र पेश्की जमानतको म्याद थप नगरेको कारण कार्यालयबाट समेत निर्माण कार्यको म्याद थप भएको पाइएन।निर्माण सेवाले म्याद थप निवेदनका साथ उपरोक्त सबै पक्षको अवधी थप गरेको प्रमाण पेश नगरेकोले निर्माण सेवाकै ढिलाई तथा हेलचेक्रयाईका कारण निर्माण कार्यमा विलम्ब भएको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताका शर्त बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>मौरेतोला पुखौता छतारा सडक मर्मत कार्यका लागि जगदम्बा/ राजधानी जे.भी सँग २,९६,२२,३५९।- लागतमा मिति २०७८।१२।१८ मा भएको सम्झौता अनुसार निर्माण कार्य २०७९।३।३१ मा सम्पन्न गर्नुपर्नेमा सम्झौता बमोजिमका सम्पूर्ण कार्य पुरा नगरी अधुरै रही २०७९ आषाढ मसान्तसम्म २,३०,६९,२७१-रकम खर्च भएको छ। निर्माण कार्य सम्पन्न नभएको, कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको, म्याद थप माग नगरेको देखिएकोले निर्माण सेवाकै लापरवाही भएको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताको शर्त बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>पालिका भित्रका १५ विद्यालयमा सोलर सिस्टम जडान कार्यका लागि सन बृज नेपालले ८६ प्रतिशत र पालिकाले १४ प्रतिशतले हुने रु. ३४,६८,२७६।- लागत व्यहोर्ने गरी २०७८।८।२१ मा सम्झौता भएको थियो । सम्झौता भएको ४ महिना भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भएको यस निर्माण कार्यको लागि पालिकावाट रु. १०,००,०००।- भुक्तानी भएको छ भने २०७८।१२।३१ भित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा हालसम्म सम्पन्न नभएको र म्याद थप समेत नभएकोले सम्झौताको शर्त अनुसार आवश्यक कारवाही गरी सोलर सिस्टम जडान कार्य सम्पन्न गरिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३४ | | | **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2)** | |
| ३४.१ | | | **खर्च :** नगर कार्यपालिकाको मिति २०७८।४।२५ को निर्णय अनुसार नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2) अन्तर्गतका योजना तथा कार्यक्रमलाई प्राथामिकतामा राखी कार्यान्वयन प्रकिया अगाढी बढाउने निर्णय गरि कुल वजेट १ करोड २७ लाख मध्ये नगरपालिकाले १० लाख र बाँकी १ करोड १७ लाख (NCCSP-2) ले व्यहोर्ने उल्लेख छ । बिनियोजित बजेट मध्ये यस बर्ष रु. १,०४,८०,१३६।- खर्च भएको छ । | |
| ३४.२ | | | **खर्च रकम भुक्तानी :** कार्यापालिकाको अनुसार कार्यक्रम तथा योजनाको कुल लागत तथा खर्च मध्ये रु. १० लाख नगरपालिकाले व्यहोर्ने उल्लेख भएको तर यस बर्ष भएको खर्च रु. १,०४,८०,१३६।- को शतप्रतिशत रकम (NCCSP-2) वाट नै भुक्तानी दिएको देखियो । यसरी नगरपालिकाको निर्ण विपरित नगरपालिकाले व्यहोर्नुपर्ने रकम व्यहोरेको देखिएन । पालिकाले निर्णय बमोजिम खर्च रकम भुक्तानी गर्नुपर्दछ । | |
| ३५ | | | **संघिय सशर्त चालुतर्फ** | |
| ३५.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको किसिम | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह | १० | ३३ | ३३ | ४ | १६९६ |
| २ | आधारभूत तह ६देखि ८ | ६ | २५ | २५ | २ | १८०८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>आधारभूत तह १देखि ५</td><td>१८</td><td>८७</td><td>८७</td><td>४</td><td>३२७७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४</td><td>१४५</td><td>१४५</td><td>१०</td><td>६७८१</td></tr>
</table>
बिद्यालय संख्या र विद्यालय शिक्षकको अवस्था हेरी पालिकाले दरवन्दी मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>विद्यालयगत निकासा रजिष्ट्रर- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>स्यानिटरी प्याड<br><br>विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । पालिकाले यस वर्षमा २१५०० प्याकेट सेनिटरी प्याड खरिद गरी रु. १९,४३,६००।- भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण संलग्न राखी वितरण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>तलवी प्रतिवेदन<br><br>निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.९४,९५,२४०।- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **औषधि खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर रु. ३०,४४,४४०।- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्र पत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ३९ | | | **फरक शिर्षकवाट खर्च**<br><br>महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयवाट जारी एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ को खण्ड ३ मा खर्चका संकेत तथा बर्गिकरण र व्याख्यामा कुन कुन शिर्षकमा के के खर्च समावेश हुन्छन भनेर स्पष्ट बर्गिकरण र व्याख्या गरीएको छ । त्यस्तै आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) | ३३३,७४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मा रकम स्वीकृत वजेट भित्र र सम्वन्धित शिर्षकमा पर्दछ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले अस्थायी अस्पतालमा कार्यरत जनशक्तीको पारीश्रमिकशिर्षकवाट औषधि खरीदको विल रु. ३,३३,७४०।- खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>प्रशिक्षक भत्ता<br><br>सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि.नं.४ ले सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार र कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा नगरपालिकास्तरमा कक्षा सञ्चालन वापत रु. ७०० र कार्यपत्र वापत रु. ८०० तोकेको छ । जसअनुसार सम्बन्धीत कार्यालयले सञ्चालन गरेको तालीममा सोही कार्यालयको कर्मचारीले कक्षा लिए वापतको पारीश्रमीक नपाउने तर कार्यपत्रको रकम मात्र पाउने व्यवस्था गरेकोमा निम्नानुसारको तालिममा कार्यालयका कर्मचारीलाई कक्षा लिएको रकम समेत भुक्तानी दिएको देखिन्छ । यसरी कार्यबिधि तथा निर्देशिका अनुसार नपाउने रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>कार्यक्रम</th><th>प्रशिक्षकको नाम</th><th>कक्षा संख्या</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी भएको रकम कर कट्टी पछी</th></tr>
<tr><td rowspan="2">वहुक्षेत्रिय पोषण कार्यक्रम</td><td>हिमाल रावल</td><td>१०</td><td>८००</td><td>२२६०</td><td>१२४१०</td></tr>
<tr><td>राजेन्द्र वहादुर साउद</td><td>१०</td><td>८००</td><td>२२६०</td><td>१२४१०</td></tr>
<tr><td>तरकारी खेती तालिम</td><td>मन वहादुर रावल</td><td>३२</td><td>८००</td><td>१०००</td><td>५४४०</td></tr>
</table></td><td>५९,८४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अभिमुखिकरण तथा तालिम</td><td>ईश्वर बहादुर रावल</td><td>२०</td><td>८००</td><td>१२००</td><td>६८००</td></tr>
<tr><td rowspan="2">कृषि कार्यक्रम सम्वन्धि तालिम</td><td>डम्वर वहादुर रावल</td><td>२५</td><td>८००</td><td>१२००</td><td>४७६०</td></tr>
<tr><td>प्रेम बुढा</td><td>११</td><td>८००</td><td>१२००</td><td>३७४०</td></tr>
<tr><td>क्षमता अभिवृद्धि कार्यक्रम</td><td>चिरन्जिवी शाह</td><td>२८</td><td>८००</td><td>१४००</td><td>१४२८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
कर कट्टी नभएको<br><br>
आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका कर्मचारीवाट संचालित कार्यक्रममा कर बापत लाग्ने रकम रु. ९४,५८०।- असुल नगरेकोले असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>कार्यक्रममा भएको खर्च</th><th>पारीश्रमिक र अग्रिम कर कट्टि नभएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>४४३।०७९।३।३१</td><td>हातेमालो कार्यक्रम सञ्चालन गरेबापत</td><td>८०००००</td><td>१८१४३</td><td>ना प्रा स. मन वहादुर रावल</td></tr>
</table>
</td><td>९४,५८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४४५।०७९।३।३२</td><td>हातेमालो कार्यक्रम सञ्चालन गरेबापत</td><td>११६०००</td><td>१५०१५</td><td>सव इन्जिनियर भरत रावल</td></tr>
<tr><td>४४६।०७९।३।३२</td><td>हातेमालो कार्यक्रम सञ्चालन गरेबापत</td><td>९९७५००</td><td>१४९६२</td><td>पोषण सहजकर्ता राजेश वहादुर थापा</td></tr>
<tr><td>४४८।२०७९।३।३२</td><td>किसान सूचिकरण कार्यक्रम</td><td>२६६०००</td><td>१८८८</td><td>ना प्रा स इश्वर वहादुर थापा</td></tr>
<tr><td>४३२।२०७९।३।२५</td><td>वहुक्षेत्रीय पोषण कार्यक्रम</td><td>५५००००</td><td>४०३७२</td><td>पोषण सहजकर्ता राजेश वहादुर थापा</td></tr>
<tr><td>४३६।२०७९।३।२५</td><td>वजारीकरण सम्वन्धि तालिम</td><td>१४०९२०</td><td>४२००</td><td>खुसिराम वि क</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
कृषि प्रर्वद्धन कार्यक्रम<br><br>
कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिकाले देहायका फर्महरुवाट तरकारी तथा फलफूल विरुवाहरु खरीद गरी कृषकहरुलाइ वितरण गरेको छ। फलफूल विरुवा खरिद कार्य सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धाको माध्ययबाट गर्नुपर्नेमा सोझै एकमुष्ट खरिद गरेको छ। खरिद कार्य प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं/मिती</td><td>खरिद गरेको फर्म</td><td>प्रयोजन</td><td>भुक्तानी बुझिलिने</td><td>रकम</td></tr>
<tr><td>२२०-०७९।१।२२</td><td>खडका नर्सरी तथा पशु पक्षी फर्म सल्यान</td><td>ओखर वोट खरिद</td><td>त्रिवेणी ओखर पकेट संचालक समिती</td><td>७०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१६-०७९।१।२२</td><td>साँउद एग्रोभेट सेन्टर</td><td>अदुवा बिउ खरिद</td><td>पुर्भुता हरीयाली मसला पकेट समिती</td><td>६०००००</td></tr>
<tr><td>२१५-०७९।१।२२</td><td>साँउद एग्रोभेट सेन्टर</td><td>तरकारी विउ तथा टनेल खरिद</td><td>ताम्सु तरकारी पकेट सञ्चालक समिती</td><td>६३१९८०</td></tr>
<tr><td>३३०-०७९।३।१३</td><td>खडका नर्सरी तथा पशु पक्षी फर्म सल्यान</td><td>किवी तथा दाते ओखरको विरुवा</td><td>ना प्रा स मन वहादुर रावल</td><td>९०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>बाख्रा पकेट कार्यक्रम<br><br>कार्यालयले मेडपा कार्यक्रमवाट १२१ गोटा वाख्रा रु ९,६८,०००।- र प्रधानमन्त्री कृषि आधुनिकीकरण बाख्राको पकेट विकास कार्यक्रमवाट २ समुह मार्फत ८१ गोटा वोका वाख्रा रु १२,१५,०००।- मा खरीद गरी वितरण गरेको छ। बाख्रा तथा बोका खरिद कार्य सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्नेमा सोझै एकमुष्ट खरिद गरेको छ भने खरिद भएका पशु उन्नत जातको हुनुपर्ने, अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई वीमा गर्नुपर्ने र ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राख्नुपर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ तोकिए बमोजिम पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग समेत गरी कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुऱ्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>कोरोना राहत वितरण<br><br>कोभिड प्रभावित ५५४ जनालाइ १० हजारका दरले राहत वितरण गर्न रु ५५लाख ४० हजार निकासा भएकोमा वडावाट सिफारीस र नगर कार्यपालिकाले योग्य कोभिड प्रभावित संख्या भनि निर्धारण गरेका ४९७ जनालाइ रु ४९ लाख ७० हजार राहत वितरण खर्च गरेको पाइयो। तर निर्देशिकामा एकाघर परीवारका कुनै सदस्यले सरकारी निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरीरहेका, परीवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलव्ध</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुने अन्य सामाजिक सुरक्षा वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तीभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरीरहेका,सञ्चित आय वा पैत्रिक सम्पत्तीवाट तत्कालको आवश्यकता पूरा गर्न सक्ने अवस्था रहेका र प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार प्रदेश सरकार वा स्थानिय तहको कार्यक्रम वमोजिम यस प्रयोजनको लागी एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परीवार राहत प्राप्त गर्न अयोग्य हुने भनि उल्लेख भएकोमा सिफारीस र निर्णयमा माथि उल्लेखित कुराहरुको पूर्ण पालना भएको पाइएन । तसर्थ निर्देशिकामा उल्लेखित शर्तहरुको पूर्ण पालना गरी सिफारीस र निर्णय हुनु पर्दछ । | |
| ४५ | | | **सुरक्षित आवास कार्यक्रम**<br><br>पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमको लागि छनौट भएका ५८ जना लक्षित वर्गका प्रति परिवारलाई रु. ५००००।- दिने गरी विनियोजन गरेको रकममध्ये प्रथम किस्ता बापत जस्तापाता र काठ लगायतका सामाग्री खरिद गर्न गत वर्ष प्रति परिवार रु. २१७४१।- का दरले रु. १२५९९९२।- खर्च लेखेकोमा यस वर्ष सम्पन्न भएका ५४ परीवारलाइ रु १५००००० खर्च लेखेको छ। तोकिए अनुसारको आवास निर्माण कार्य सम्पन्न नभएका ४ परीवारको उक्त कार्यसम्पन्न नभएकोले कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | ८६,९६४ |
| ४६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा वाटो निर्माण तथा सडक मर्मत लगायतका ६४ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ७२१ जनालाई १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. ३,२१,५९,०९५।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ४७ | | | **नगरपालिका चालुतर्फ** | |
| ४७.१ | २९६ | २०७८-१२-२७ | **भुक्तानीमा कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८९ मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले डि.जे. जुरे ल फर्मलाई रु. २,५०,०००/- सेवा शुल्कको रकम भुक्तानी गरेकोमा १५ प्रतिशत कर कट्टी नगरी १.५ प्रतिशत मात्र कट्टी गरेकोले घटी कट्टी गरेको कर रु. ३३,७५०/- असुल गर्नुपर्ने रु. | ३३,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४७.२ | | | **मूल्य अभिबृद्धि कर कट्टी नभएको** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिबृद्धि कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भुक्तानी भएको मूल्य अभिबृद्धि करको ३० प्रतिशितले हुने कर कट्टी नगरेकोले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १७५,०२० |

| भौ नं र मिति | फर्मको नाम | स्थायी लेखा नं. | भुक्तानी रकम | मु.अ.कर.को ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| ३९८-०७९।१।२३ | टार्गेट ईन्जिनियरिङ सोलुसन कन्सल्टेन्सी | ६१२९९०२८५९ | ८४०६७६ | ३२७८६ |
| ७२-०७८।९।२० | टार्गेट ईन्जिनियरिङ सोलुसन कन्सल्टेन्सी | ६१२९९०२८५९ | ७९२००० | ३०८८८ |
| ७०४-०७९।३।२३ | बडीमालिका ईन्जिनियरिङ कन्सल्टेन्सी | ६०४७४२६९४ | ८२७१३० | ३२२५८ |
| ७०५-०७९।३।२३ | डिएनडी ईन्जिनियरिङ सोलुसन | ६०९५४२४५५ | ३६४००० | १४१९६ |
| | कान्जीरोवा ईन्जिनियरीङ | | ४२६००० | १६६१० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७१-०७८।९।२९</td><td>रोयल एक्सिस ईन्जिनियरीङ सर्भिस</td><td>६०६५४३१४७</td><td>१२३८०००</td><td>४८२८२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७५०२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
अनुत्पादक खर्च<br><br>
सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. १४,५०,०००/- खर्च गरेको देखिन्छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>पदम खत्री स्मृती प्रतिष्ठान</td><td>खुला भलिवल तथा सांस्कृतिक कार्यक्रम संचालन</td><td>७०००००</td></tr>
<tr><td>जनकम्युन सांस्कृतिक समुह</td><td>सांस्कृतिक कार्यक्रम</td><td>५०००००</td></tr>
<tr><td colspan="2">वडा स्तरीय महिला सम्मान कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td colspan="2">देउडा सास्कृतिक कार्यक्रम</td><td>१५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>थप जिम्मेवारी भत्ता</td><td>३२४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष नगरपालिका अन्तर्गत स्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारीलाई वडा कार्यालयको सचिवको जिम्मेवारी दिएकोमा वडा सचिवको रुपमा काम गरेवापत थप जिम्मेवारी भत्ता रु. ३,२४,०००।-भुक्तानी दिएकोले आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु. | |
| ५० | | | **नाफामुलक संस्थालाई अनुदान भुक्तानी**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसअनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले यस वर्ष नाफा कमाउने उद्देश्यले स्थापना भएका निम्नानुसार संस्थालाई कार्यालय व्यवस्थापन भवन निर्माण र कर्मचारीको तलव भत्ता लगायतको खर्चको लागि रु. ३०,८५,११२/- अनुदान उपलब्ध गराएको देखिन्छ। यसरी नाफा कमाउने उद्देश्यले स्थापीत संस्थालाई अनुदान दिएको नियमित नदेखिएको रु. | ३,०८५,११२ |

| भौ नं र मिति | अनुदान दिएको संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| ४०६-२०७९।१।२३ | न्यु भिजन बचत तथा ऋण सहकारी संस्था | ईन्टरनरेट जडान | १००००० |
| ४१६-२०७९।२।५ | त्रिवेणी संचार बहुउदेश्यीय ऋण सहकारी संस्था | बडीमालिका रेडीयो एफ एमको कार्यालय सामा र कर्मचारीको तलव | ५००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६२-२०७९।१।१९</td><td>जय तुला कम्प्युटर सेवा प्रा.ली.</td><td>कम्प्युटर तथा सामाग्रि खरिद कार्य</td><td>४०००००</td></tr>
<tr><td>२७३-२०७९।३।३०</td><td>पौरखी विकास संचार सहकारी संस्था</td><td>टावर निर्माण कार्य</td><td>१९००००</td></tr>
<tr><td>२८७-२०७९।३।२४</td><td>रेडियो बडिमालिका</td><td>भवन निर्माण</td><td>१८९५११२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०८५११२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
व्याकहो लोडर संचालन खर्च<br><br>
नगरपालिकाको व्याकहो लोडर संचालन सम्बन्धि कार्यविधि, २०७८ को बुदा नं ५ मा ईन्धन खर्चको खपतको अद्यावधि लगत मेसिन अपरेटरले तयार गरी ईन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष बिभिन्न सडकको मर्मत कार्यमा प्रयोग भएको भनि अपरेटरले पेश गरेको ईन्धन खर्चको विल र अपरेटरले पेश गरेको लोडर संचालनको विवरण अनुसार निम्नुसारको ईन्धन खर्च भुक्तानी गरेको छ । पालिकाले सडक मर्मत कार्यमा प्रयोग भएको र सडकको मर्मत कार्य भएको पुष्टयाई हुने प्राविधिकले सिफारिस गरेको मुल्याङ्कन सहितको विवरण पेश बेगर ईन्धन खर्चको भुक्तानी गरेको छ । प्राविधिक मुल्याङ्कनको आधारमा मात्र लोडर संचालनको ईन्धन खर्च भुक्तानी गर्नुपर्दछ ।
<table>
<tr><td>गोश्वरा भौचर नं र मिति</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>५०-२०७८।९।७</td><td>४२३५७६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१८८-२०७८।११।८</td><td>१६३०५७</td></tr><tr><td>३०८-२०७८।१२।२०</td><td>१६२८७८</td></tr><tr><td>जम्मा</td><td>७४९५११</td></tr></table></td><td></td></tr>
<tr><td>५२</td><td>५५४</td><td>२०७९ -३-६</td><td>राहत सामाग्रि वितरण<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष राहत सामाग्रि खरिद गरी एक्सिस ईन्टरप्राईजेजलाई रु. ४,९९,२२७/- भुक्तानी गरेकोमा उक्त खरिद भएको राहत सामाग्रि सम्वन्धित लाभग्राहीलाई उपलव्ध गराएको देखिएन । पालिकाले खरिद भएको राहत सामाग्रि सम्वन्धित लाभग्राहिलाई उपलव्ध गराएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४९९,२२७</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>स्वयंसेवक शिक्षकको तलव भुक्तानी<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट १४ बिद्यालयलाई शिक्षक व्यवस्थापनको लागि रु. ३०,१३,०००/- भुक्तानी गरेको छ । यसरी पालिकावाट बिद्यालयहरुलाई एकमुष्ठ शिक्षक व्यवस्थापनको रकम निकासा पठाएकोमा उक्त निकासा पठाएको रकम तोकिएको कार्यमा खर्च भएको प्रमाण समेत पेश भएको देखिएन । अतः करारमा स्वयंसेवक शिक्षक नियुक्ती गरी बिद्यालयहरुलाई एकमुष्ठ शिक्षक व्यवस्थापनको रकम निकासा पठाएको नियमसम्मत नदेखिएको रु.</td><td>३,०१३,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>बैंक मार्फत् भुक्तानी<br><br>पालिकाले मालसमान खरिद र निर्माण कार्य लगायत अन्य कार्यको खर्च रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म, आपुर्तीकर्ता र निर्माण व्यवसायीको नाममा भुक्तानी गर्नु पर्नेमा पालिकाकै कर्मचारीको नाममा रकम भुक्तानी गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नमुना परीक्षण गर्दा निम्नुसारको कारोवार रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म र आपुर्तिकको नाममा भुक्तानी नगरी कर्मचारीको नाममा भुक्तानी गरेको देखियो । पालिकाले यसरी कर्मचारीको नाममा भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>गोश्वरा भौचर नं र मिति</th><th>फर्मको नाम</th><th>खरिदको विवरण</th><th>कर्मचारिको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४३०-२०७९।२।९</td><td>डदिनेश ईन्टरप्राईजेज</td><td>जेनेरेटर खरिद</td><td>बल वहादुर थापा</td><td>४९९४९९</td></tr>
<tr><td>४८४-२०७९।२२</td><td>ईमाईजिङ ट्रेड कन्सर्न</td><td>सिसिटीभी खरिद</td><td>नरेशराज पन्त</td><td>३५०८६५</td></tr>
<tr><td>७०३-२०७९।३।२३</td><td>नर्मदा ईन्फोसेस</td><td>संचार सामाग्रि</td><td>नरेशराज पन्त</td><td>३५०३००</td></tr>
<tr><td>७४०-२०७९।३।२५</td><td>शिवम अटो पार्टस</td><td>गाडी पार्टस</td><td>नरेश थापा</td><td>२५००००</td></tr>
<tr><td>५७९-२०७९।३।१०</td><td>साउँद एग्रोभेट सेन्टर</td><td>औषधि खरिद</td><td>बल वशादुर थापा</td><td>१५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कार्य स्वीकार प्रतिवेदन तयार नगरेको<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले प्राप्त भएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने र प्रतिवेदन तयार भएपछि आवाश्यक प्रक्रिया पुरा गरी भुक्तानीका लागी सम्वन्धित आर्थिक प्रशासन शाखामा पठाउनु पर्ने व्यवस्था छ । पलिकाले यस बर्ष बिभिन्न निर्माण व्यवसायी/फर्म/परामर्शदातासंग सम्झौता गरी मालसमान,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्य र परामर्श सेवा खरिद गरेकोमा उक्त प्राप्त भएको मालसामान, प्रदान गरिएको परामर्श सेवा र सम्पन्न भएको निर्माण कार्यको कार्यस्वीकार प्रतिवेदन तयार गरेको देखिएन । यसरी पालिकाले सम्झौता गरी खरिद गरेको मालसामान, निर्माण कार्य र परामर्स सेवाको कार्य स्वीकार नगर्दा उक्त खरिद कार्य सम्झौता बमोजिम भए नभएको एकिन नहुने हुँदा पालिकाले ऐन नियममा भएको व्यवस्था बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ५६ | | | **भ्रमण तथा अनुगमन मुल्याङ्कन खर्च**<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन पालिकाको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।<br>• पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी गरेक<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५७ | | | **परामर्श सेवा खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिदद गर्दा बढीमा ३ वटा परामर्शदाता संगमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| खर्च शिर्षक | कामको विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| नगरपालिका पुँजिगत | ग्रामिण विकास रणनीतिक सम्वन्धी प्रतिवेदन | रियर्सन ईन्टरनेशनल एजुकेसन | ४९५००० |
| | राजस्व सुधार कार्य योजना तयारी कार्य | सर्मार्ट टेक नेपाल | ४९७२०० |
| | मौरे तोली छतारा सडक कार्यको डि.पि.आर. | टार्गेट ईन्जिनियरिङ सोलुसन कन्सल्टेन्सी | ४४०७०० |
| नगरपालिका चालु | DPR Of Municipality Areas DWSS | टार्गेट ईन्जिनियरिङ सोलुसन कन्सल्टेन्सी | ९४९९६५ |
| | नाटेश्वरी बडीमालिका रोडको डि.पि.आर. | बडीमालिका ईन्जिनियरिङ कन्सल्टेन्सी | ९३४६५९ |
| | योजना मागको लागि परारमर्श सेवा | डिएनडी ईन्जिनियरिङ सोलुसन | ४११३२० |
| प्रदेश सशर्त | पुभुर्ता कासागाड रोड डिपिआर | कान्जीरोवा ईन्जिनियरीङ | ४८१३८० |
| गत बर्षको चालुतर्फ | बुढीगंगा र मालगाड खोलावाट ढुगां वालुवा संकलन कार्यको लागि IEE | रोयल एक्सिस ईन्जिनियरीङ सर्भिस | १३९८९४० |
| | एक्लो सल्लो देखि बडीमालिका रोड सर्भे | टार्गेट ईन्जिनियरिङ सोलुसन कन्सल्टेन्सी | ८९४९६० |
| **जम्मा** | | | **६५०४१२४** |

परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन ।

| | | | | |
|---|---|---|---|---|
| ५७.१ | | | **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामरश्दाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद वापत रु. ६५,०४,१२४/- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन भने लागत अनुमान तयार गर्दा गत बिगत बर्षको नर्म्स र अन्य निकायको सोही प्रकृतिको कामको नर्म्सलाई समेत आधार लिएको देखिएन । यसरी पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी वनाउनुपर्दछ । | |
| ५७.२ | | | **प्रतिवेदनको कार्यान्वयन नभएको:** नगरपालिका बुढीगंगा र मालगाड खोलाको बगर क्षेत्रवाट दिगोरुपमा ढुँगा गिटी तथा बालुवाको संकलन कार्यको IEE तयारीको लागि रोयल एक्सिस ईन्जिनिरिङ सर्भिस संग गत बर्ष सम्झौता गरी यस बर्ष रु. १३,९८,९४०/- भुक्तानी गरेको र परामर्शदाताले २०७७।७८ मा पेश गरेको प्रतिवेदनमा उल्लेखित नदीवाट दैनिक २९०.५७ घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्न सक्ने उल्लेख छ । परामर्शदाताले प्रतिवेदन पेश गरेको २ आर्थिक बर्ष सम्ममा पनि पालिकाले नदिजन्य पदार्थको आय ठेक्काको सम्वन्धमा कुनै पनि कार्य सुरु गरेको देखिएन । पालिकाले परामर्शदाताको प्रतिवेदनको कार्यान्वयन गरी आन्तरिक आम्दानीमा बृद्धी गर्नुपर्दछ । | |
| ५७.३ | | | **पालिकाको जनशक्तिको उपयोग नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो । पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग खरिद गर्नुपर्दछ । | |
| ५७.४ | | | **पेशागत दायित्वको बिमा नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८२(७) मा उल्लेख छ । पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ६५,०४,१२४/- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । | |
| ५७.५ | | | **सडक निर्माण कार्यको ठेक्का सम्झौता भई सकेपछी डिपिआर तयार गरेको :** पालिकाले प्रदेश शसर्त हस्तान्तरीत कार्यक्रम अन्तर्गत पुभुर्ता देखि कासिगाढ सडक निर्माण कार्यको लागि वोलपत्र आह्वान गरी मिति २०७९।१।८ मा सम्झौता गरेकोमा उक्त सडक कार्यको डि.पि.आर. तयार कार्यको लागि कान्जिरोवा ईन्जिनियरिङ सोलुसन संग २०७८।१२।८ मा सम्झौता भई २०७९।१।३० मा सम्पन्न भई उक्त कार्यको लागि परामर्शदातालाई रु. ४,८१,३८०/- भुक्तानी गरेको देखिन्छ । यसरी ठेक्का सुरु भई सकेको सडक निर्माण कार्यको वोलपत्र आह्वान हुनु भन्दा पछी सम्झौता गरी भुक्तानी दिएको रकमका सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवारी वनाउनु पर्ने रु. | ४८१,३८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **सुधारिएको चुल्हो खरिद कार्य**<br><br>पालिका र युनिसेफको लागत साझेदारीमा जलवायु परिवर्तन तथा उर्जा कार्यक्रम अन्र्तगत सुधारिएको चुल्हो खरिद कार्यको लागि स्मार्ट सोलार प्रा.लि.संग 22, January 2022 मा रु. ६३,२८,०००/- मा सम्झौता भएको फाईलको परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ५८.१ | | | **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत र उद्योग बाणिज्य संघले जारी गरेको दर रेटलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिमको लागत अनुमान तयार नगरी बिभिन्न फर्मले पेश गरेको दर रेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा खरिद सम्झौता गरेकोले पालिकाले तयार गरेको लागत अनुमान बास्तविक र यथार्थपरक छ भन्न सकिने अवस्था देखिएन । पालिकाले ऐन नियममा भएको व्यवस्था बमोजिम मालसमानको लागत अनुमान तयार गरी खरिद कार्यलाई मितव्ययी वनाउनुपर्दछ । | |
| ५८.२ | | | **ठेक्का प्रतिष्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । त्यस्तै दफा २६(६) मा मिलेमतो गरी बोलपत्र दाखिला भएको देखिएमा सार्बजनिक निकायले त्यस्तो बोलपत्र रद्ध गर्न सक्ने व्यवस्था छ । पालिकाले सुधारिएको चुल्हो खरिद कार्यको लागि रु. ७६,८०,०००/- को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गर्दा ५ वोलपत्रदाताले वोलपत्र पेश गरेको देखिन्छ । वोलपत्र मुल्याङ्कन समितिको मिति २०७८ मंसिर २२ गतेको निर्णय अनुसार पेश भएका वोलपत्र मध्ये ३ वटा वोलपत्र अनुतीर्ण भएको र २ वटा वोलपत्रको बिस्तृत मुल्याङ्कनको लागि छनौट गरी मुल्य अभिबृद्धी कर समेत रु. ६३,२८,०००/- कवोल अङ्क रहेको वोलपत्रदाता स्मार्ट सोलार सोलुसन प्रा.लि.को वोलपत्र स्वीकृत भई खरिद सम्झौता भएको देखिन्छ । वोलपत्र मुल्याङ्कन समितिको निर्णय अनुसार बोलपत्र कागजातमा भएको व्यवस्था अनुसार चुल्होको नमुना (**Sample**) पेश नगरेको भनि ३ वोलपत्रदातालाई अनुतीर्ण गरी चौथो घटी कवोल गर्ने वोलपत्रदाता संग सम्झौता भएको छ । वोलपत्र खोल्ने दिन अस्वीकृत भएका ३ वटा वोलपत्रदाता उपस्थित नभएको र वोलपत्र कागजातमा उल्लेख भएको चुल्होको नमुना पेश नगरेको कारण वद्लपत्रदाता वीच मिलोमत्तो अवस्था रहेको हुन सक्ने देखिएकोले खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी भएको छ भन्न सकिने अवस्था देखिएन । वोलपत्रदाताले कवोल गरेको अङ्क निम्नानुसार रहेको छ ।<br><br>सि.नं. \| वोलपत्रदाताको नाम \| कवोल अङ्क \| कैफियत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>नेपाल उर्जा विकास कम्पनी</td><td>४४७४८००</td><td></td></tr>
<tr><td>२</td><td>हस्क पावर नेपाल प्रा.ली.</td><td>५१९८०००</td><td></td></tr>
<tr><td>३</td><td>जगदम्वा ईन्जिनियरिङ वर्कस</td><td>५४२४०००</td><td></td></tr>
<tr><td>४</td><td>स्रमारट सोलार प्रा.ली.</td><td>६३२८०००</td><td>सम्झौता भएको वोलपत्र</td></tr>
<tr><td>५</td><td>सरस्वती ईन्जिनियरीङ प्रा.ली.</td><td>६८४८४७८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.३</td><td></td><td></td><td>चुल्होको वितरण तथा जडान : पालिकाले सम्झौता बमोजिम फर्मलाई ८०० थान रु. ६३,२८,०००/- सुधारिएको चुल्होको आपुर्ती गरेवापत युनिसेफ र नगरपालिका चालु शिर्षकवाट रु. ५१,१३,१९६/- भुक्तानी भएको छ । पालिकाले आपुर्ती भएका ८०० थान सुधारिएको चुल्हो सम्वन्धित लाभग्रराहीलाई वितरण गरी उक्त चुल्हो जडान गरी प्रयोगमा ल्याउनु पर्नेमा लेखापरीक्षण अबधि सम्म पनि उक्त खरिद भएको चुल्हो वितरण गरी जडान गरेको देखिएन । पालिकाले खरिद भएको चुल्हो सम्वन्धित लाभग्राहीलाई वितरण गरी जडान गरेको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५,११३,१९६</td></tr>
<tr><td>५८.४</td><td></td><td></td><td>लागत साझेदारी : जलवायु उर्जा तथा वातावरण कार्यक्रम अन्तर्गत सुधारिएको चुल्होमा लागत समाझेदारी सम्वन्धि कार्यको लागि नगरपालिका र युनिसेफ क्षेत्रिय कार्यालय नेपालगंज विच भएको सम्झौतामा सुधारिएको चुल्हो खरिद तथा वितरणको लागि प्रति चुल्हो रु. ३००० युनिसेफले उपलव्ध गराउने, प्रति चुल्हो रु.४००० पालिकाले लागत साझेदारी व्यहोर्नुपर्ने र प्रति चुल्हो रु.१००० सम्वन्धित चुल्हो प्राप्त गर्ने व्यक्तिवाट असुल गर्नुपर्ने उल्लेखछ । पालिकाले यस बर्ष ८०० चुल्हो खरिद गरी सप्लायर्सले पेश गरेको रु.६३,२८,०००।- को बिल रकम मध्ये युनिसेफवाट रु.११,८५,१९६।- र पालिकावाट रु.३९,२८,०००।- समेत जम्मा रु.५१,१३,१९६।- भुक्तानी भएको छ । सम्झौता बमोजिम ८०० चुल्हो प्रति चुल्हो रु. ३,०००।- को दरले जम्मा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.२४,००,०००।- युनिसेफवाट भुक्तानी हुनु पर्नेमा रु.११,८५,१९६।- मात्र भएकोले बाँकी रकम रु.१२,१४,८०४।- शोधभर्ना माग गरी सप्लायर्सलाई भुक्तानी गर्नुपर्दछ त्यस्तै चुल्हो प्राप्त गर्ने सम्वन्धित व्यक्तिवाट रु.१,०००।-असुल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्दछ । | |
| ५९ | | | **नाटेश्वरी बडिमालिका मन्दिर पार्क निर्माण कार्य**<br><br>नेपालसरकार संसकृती पर्यटन तथा नागरिक उडययन मन्त्रालय र नगरपालिकाको लागत साझेदारीमा नाटेश्वरी बडीमालिका बृहत धार्मिक पर्यटकिय आयोजनाको निर्माण कार्यको लागि मन्त्रालयवाट कुल लागत रु. ६,३८,००,०००।÷को कार्यक्रम स्वीकृत भएको र कुल लागत मध्ये रु. ४,१५,००,०००।÷मन्त्रालयले र रु. २,२३,००,०००।÷नगरपालिकाले व्यहोर्नुपर्ने उल्लेख छ । यस सम्वन्धि ठेक्का फाईलको परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ५९.१ | | | **कार्यक्रमको स्वीकृत रकम भन्दा बढीमा ठेक्का सम्झौता**: मन्त्रालयवाट बडीमालिका बृहत धार्मिक पर्यटकिय आयोजनाको निर्माण कार्यको लागि कुल लागत रु. ६,३८,००,०००।- रहेको कार्यक्रम स्वीकृत भएको देखिएकोमा पालिकाले उक्त निर्माण कार्यको लागि कुल लागत रु. ६,८७,०२,४५४।- को वोलपत्र स्वीकृत गरी निर्माण व्यवसायी जुलकेनी निर्माण सेवा प्रा.लि.संग सम्झौता भएको छ । लेखापरीक्षणको क्रममा निर्माण कार्यको स्वीकृत भएको लागत अनुमान सम्वन्धि फाईल पेश नभएकोले पालिकाले तयार गरेको लागत अनुमान सही र यथार्थ छ भनि बिश्लेषण गर्न सकिएन । त्यस्तै निर्माण कार्यको लागि एक मात्र वोलपत्रदाताले वोलपत्र पेश गरेको र निजले पेश गरेको कवोल अङ्क लागत अनुमानको तुलनामा के कती घटी/बढी पेश भएको हो र खरिद कार्य मितव्ययी एवम प्रतिस्पर्भी भएको हो भन्न सकिने अवस्था देखिएन । | |
| ५९.२ | | | **ठेक्का सम्झौता**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौतामा कार्य सम्पादन गर्ने समय उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद सम्झौता गर्दा निर्माण कार्य सम्पन्न गर्नुपर्ने मिति उल्लेख गरेको छैन जसवाट कार्य सम्पन्न गर्नुपर्ने समय एकिन हुन सकेन । पालिकाले मिति २०७८।९।७ मा निर्माण कार्यको लागि निर्माण व्यवसायीले पेश गरेको कृषी बिकास बैंकको पेश्की जमानतको आधारमा रु. ६८,७१,०००।- भुक्तानी गरेकोमा उक्त पेश्की रकमको जमानत २०७९।५।३० सम्म मात्र रहेकोमा लेखापरीक्षण अवधि सम्म उक्त पेश्की रकम फस्यौंट भएको छैन । पालिकाले खरिद नियमावली र सम्झौता अनुसार पेश्की फस्यौंट गर्नुपर्दछ । यस सम्वन्धमा मन्त्रालयवाट वजेट प्राप्त नभएकोले निर्माण व्यवसायीको विल भुक्तानी हुन नसकेको र जसको कारणले पेश्की फस्यौंट हुन नसकेको उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **पारिश्रमिक कर**<br><br>आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम आयको गणना गरी अनुसूची १ बमोजिम पारिश्रमिक कर कट्टी गर्नु पर्दछ । पालिकाले कार्यक्रम अधिकृत मोहन बहादुर ऐडीलाई यस बर्ष बार्षिक रु.६,९३,०००।- तलव भत्ता भुक्तानी गरेकोमा १ प्रतिशत कर रु. ६९३० मात्र कट्टी गरेकोले घटी कट्टी भएको पारिश्रमिक कर रु ३६१७० असुल गर्नुपर्ने रु. | ३६,१७० |
| ६१ | | | **प्रदेश समपुरक अनुदानतर्फ** | |
| ६१.१ | | | **समपूरक अनुदानः** सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ (पहिलो संशोधन २०७६) मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये बढीमा ५० प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पुर्भता अछाम सिमाना सडक निर्माण कार्यको लागि प्रदेश सरकारवाट प्राप्त समपूरक अनुदान रु. ४८,०१,०००/- वाट यस बर्ष निर्माण कार्यकोलागि रु. ११,२०,०००/- भुक्तानी गरेकोमा भुक्तानी भएको रकमको ५० प्रतिशतले हुने रकम रु. ५,६०,०००/- पालिकाले व्यहोर्नुपर्नेमा शत प्रतिशत रकमनै प्रदेश सशर्त अनुदान वाट भुक्तानी दिएको छ । यसरी कार्यविधिमा उल्लेखित व्यवस्था अनुसार लागत रकमको साझेदारी नगरी समपूरक अनुदान खर्च गरेको नियमसम्मत नदेखिएको रु | ५६०,००० |
| ६१.२ | | | **निर्माण कार्यको बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले दश लाख भन्दा बढी मूल्यको निर्माण कार्य गराउदा सम्झौतामा विमाको प्रावधान नराखेको, सम्झौतामा बिमाको प्रावधान राखेको अवस्थामा समेत निर्माण कार्यको विमा गराएको देखिएन । निर्माण व्यवसायीले सार्वजनिक खरिद ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्दछ । | |
| ६१.३ | | | **असम्वन्धित कार्यक्रममा खर्च :** प्रदेश सरकार र पालिकाको लागत साझेदारीमा निर्माण हुने पुर्भुता अछाम सिमाना सडक निर्माण कार्यको लागि प्रदेश सरकारवाट प्राप्त अनुदान रकम रु. ४८,०१,०००/- मध्ये उक्त कार्यको लागि रु. ११,२०,०००/- खर्च भई बाकी रकमवाट पुर्भुता वडा कार्यालय भवन अगाडी मेसेनरी वाल निर्माण कार्यमा रु. ९,३८,८८८/- र रोडको डिपिआर कार्यको लागि रु. ४,८१,३८०/- समेत जम्मा रु. १४,२०,२६८/- भुक्तानी भएको छ । यसरी एउटा कार्यको लागि प्राप्त भएको समपुरक अनुदानको रकम सम्वन्धित कार्यमा भुक्तानी हुन नसकी बाँकी रहेको रकमवाट अन्य कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रु. | १,४२०,२६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.४ | | | **कार्य स्वीकार प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने र प्रतिवेदन तयार भएपछि आवाश्यक प्रक्रिया पुरा गरी भुक्तानीका लागी सम्वन्धित आर्थिक प्रशासन शाखामा पठाउनु पर्ने व्यवस्था छ । पलिकाले यस बर्ष बिभिन्न निर्माण व्यवसायीसंग सम्झौता गरी निर्माण कार्य सम्पन्न गरेकोमा उक्त सम्पन्न भएको निर्माण कार्यको कार्यस्वीकार प्रतिवेदन र कार्य सम्पन्न प्रतिवदेन तयार गरेको देखिएन । साथै निम्नानुसार निर्माण कार्यको नगरपालिकाको उप प्रमुखज्यूको अध्यक्षतामा गठन भएको अनुगमन समितिले समेत अनुगमन गरेको देखिएन । यसरी पालिकाले सम्झौता गरी सम्पन्न भएको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार नगरी ठेक्का विलको आधारमा मात्र भुक्तानी दिदा उक्त निर्माण कार्य सम्झौता बमोजिम भए नभएको एकिन गर्न सकिएन । अत : पालिकाले नियममा भएको व्यवस्था बमोजिम सम्पन्न भएको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन र उप प्रमुखज्यूको अध्यक्षतामा गठन भएको अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु. | ७,१८९,१०६ |

| निर्माण व्यवसायीको नाम | निर्माण कार्यको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| दिप निर्माण सेवा | किम्ती स्वास्थ्य बर्थिश्र सेन्टर निर्माण | २३१३९०८ | २२६१४२२ |
| दिप निर्माण सेवा | रत्न मावी खेल मान निर्माण | २८०९८३५ | २७९५२८३ |
| ओम शिब कन्स्ट्रसन | छतरा बर्थिङ सेन्टर निर्माण कार्य | २१८०५७१ | २१३२४०१ |
| **जम्मा** | | | **७१८९१०६** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.५ | | | **खरिद कार्यमा प्रतिस्प्रर्धा**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ। त्यस्तै ऐनको दफा २३ मा वोलपत्र परीक्षण गरी वोलपत्र मुल्याङ्कन समितिमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष पुर्भुता कासिगाड सडक निर्माण कार्यको रु. ७५,४८,२८१।-लागत अनुमान भएको निर्माण कार्यको लपत्र आह्वान गरेकोमा २ वटा वोलपत्र पेश भएकोमा दोस्रो घटीवाला वोलपत्रदाता संग रु. ५६,२०,३८३।- मा सम्झौता गरेको देखियो । ठेक्काको वोलपत्र मुल्याङ्कन गर्दा मुल्याङ्कन समितिले बोलपत्रदाता विआरएस कन्स्ट्रकसन एण्ड सप्लायर्सले बिड खरिद गरेको दाखिला भौचर पेश नभएको कारण उल्लेख गरी सवै भन्दा न्युन अङ्क रु. २५,२०,०५९।- कवोल गरेको वोलपत्र दाताको वोलपत्र अस्वीकृत गरी सो भन्दा बढी कवोल | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो । जसवाट खरिद कार्य मितव्ययी र प्रतिसर्पर्धि भएको भन्न सक्ने अवस्था देखिएन । यस सम्वन्धि विवरण निम्नानुसार छ ।
<table>
<tr><th>सम्झौताकर्ता को नाम</th><th>सम्झौता रकम</th><th>सवै भन्दा न्युन कोवल गर्ने वोलपत्रदाताको नाम</th><th>कवोल गरेको अङ्क</th><th>फरक रकम</th></tr>
<tr><td>दिप निर्माण सेवा</td><td>५६२०३८३</td><td>BRS Construction & suppliers</td><td>२५२००५९</td><td>३१००३२४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>प्रोभिजनल समको भुक्तानी<br><br>निर्माण कार्यको प्रोभिजनल सम आईटमको भुक्तानी दिदा खर्चको सक्कल विल भरपाई पेश गर्नुपर्दछ । छतरा बर्थिङ सेन्टर निर्माण कार्यको लागि ओम शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई बिमा रकमको प्रमियम वापत रु. ३०,०००।- भुक्तानी गरेकोमा उक्त बिमा प्रिमिय तिरेको प्रमाण पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु.</td><td>३०,०००</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र सोही नियमावलीको नियम ५२ मा फस्योंट हुन बाकी पेश्कीलाई लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नु पर्ने उल्लेख छ । पालिकाले गत बर्ष दिएको निम्नानुसारको म्याद नाघेको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फस्योंट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ।
<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको विवरण</th><th>प्रयोजन</th><th>म्याद नाघेको पेश्की</th><th>म्याद ननाघेको पेश्की</th></tr>
<tr><td>१</td><td>कैलाशमाण्डौ स्वास्थ्य चौकी ७</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>६२८००</td><td></td></tr>
</table></td><td>३,०४५,५४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>किम्नी आ स्वास्थ्य सेवा केन्द्र ५</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>१७२००</td><td></td></tr>
<tr><td>३</td><td>छतरा आ स्वास्थ्य केन्द्र १</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>१९२००</td><td></td></tr>
<tr><td>४</td><td>छतरा स्वास्थ्य चौकी २</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>७५२००</td><td></td></tr>
<tr><td>५</td><td>शिम्ला शहरी स्वास्थ्य केन्द्र २</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>३२०००</td><td></td></tr>
<tr><td>६</td><td>वडाली आ स्वास्थ्य सेवा केन्द्र ८</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>५०६००</td><td></td></tr>
<tr><td>७</td><td>वांगा पाटा आ स्वास्थ्य सेवा केन्द्र ९</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>१६८००</td><td></td></tr>
<tr><td>८</td><td>पन्धारा आ स्वास्थ्य सेवा केन्द्र ६</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>४३०००</td><td></td></tr>
<tr><td>९</td><td>पुर्भुता आ स्वास्थ्य केन्द्र ३</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>५३८००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>तोली स्वास्थ्य चौकी ४</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>३४८००</td><td></td></tr>
<tr><td>११</td><td>पैमा शहरी केन्द्र ९</td><td>मातृ तथा नव शिशु कार्यक्रम</td><td>२०६००</td><td></td></tr>
<tr><td>१२</td><td>जुलकेनी निर्माण सेवा</td><td>पेश्की</td><td>२६१९५४०</td><td></td></tr>
<tr><td>१३</td><td>जुलकेनी निर्माण सेवा</td><td>मोविलाईजेसन पेश्की</td><td></td><td>६९७१०००</td></tr>
<tr><td>१४</td><td>एमके विल्डर्स उण्ड कन्स्ट्रक्सन</td><td>(गत बर्षको अल्या)</td><td></td><td>८९०८७६०</td></tr>
<tr><td>१५</td><td>बि आर एस कन्स्ट्रक्सन</td><td>(गत बर्षको अल्या)</td><td></td><td>३१५७८०</td></tr>
<tr><td colspan="3"></td><td>३०४५५४०</td><td>१६१९५५४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>कोभिड १९ खर्चको विवरणः पालिकाले कोभिड १९ महामारी नियन्त्रण तथा व्यवस्थापनको लागि छुटैं खाता खोली उक्त खातामा विभिन्न निकायबाट प्राप्त आम्दानी र पालिकावाट विनियोजित रकमको छुट्टै लेखा राखी सोबाट खर्च गर्नुपर्नेमा चालु खर्चबाट कोरोना सम्बन्धी खर्च लेखेको देखिएता पनि कोरोना १९ को लागि भएको खर्चको अभिलेख नराखेकोले खर्चको सम्वन्धमा थप बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **बेरुजु अनुगमन तथा सम्परीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरिएकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ । | |

| आर्थिक बर्ष | बेरुजुको दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|
| २०७५।७६ | २९ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | ४६५५३७ | अनियमित |
| | ३२ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | १४१५००० | अनियमित |
| | ३४ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | १०३९८०० | अनियमित |
| | ४१ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | ३४४२१४४ | अनियमित |
| २०७४।७५ | ११ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | २१४२०० | अनियमित |
| | १४ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | ३८४४४० | अनियमित |
| | ३६ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | ६२०१७० | अनियमित |
| | ४० | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | १००११९९ | अनियमित |
| २०७६।७७ | १३ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | १४५३८९३० | अनियमित |
| | ३४ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | ३६३०२९० | अनियमित |
| | ४० | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | २७०००० | अनियमित |
| | ५० | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | २२००००० | अनियमित |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ५१ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | २००००० | अनियमित |
| | ५४·१ | नगरसभाको मिति २०७८।७।१४ को निर्णयले नियमित भएको | २८८४५४१ | अनियमित |
| २०७५।७६ | ४५·२ | बेरुजु रकम असुल भई राजस्व दाखिला भएको | १२४०७७ | असुली |
| २०७४।७५ | २८ | बेरुजु रकम असुल भई राजस्व दाखिला भएको | २३३०० | असुली |
| २०७६।७७ | ८९ | बेरुजु रकम असुल भई राजस्व दाखिला भएको | ९७८००० | पेश्की |
| २०७५।७६ | ३५ | कृषिमेलाको कर रकम दाखिला गरेको | ७५०० | असुली |
| | ३३·१ | बेरुजु रकम राजस्व दाखिला भएको | २३७४० | असुली |
| | ३३·३ | बेरुजु रकम राजस्व दाखिला भएको | २१४४०० | असुली |
| | ३३·४ | बेरुजु रकम राजस्व दाखिला भएको | ७६२५२ | असुली |
| | ३३·५ | बेरुजु रकम राजस्व दाखिला भएको | ७४३६६ | असुली |
| | ३३·६ | बेरुजु रकम राजस्व दाखिला भएको | ४६४२९ | असुली |
| | ३३·७ | बेरुजु रकम राजस्व दाखिला भएको | ७५३९५ | असुली |
| | ३३·८ | बेरुजु रकम राजस्व दाखिला भएको | ५१२२५ | असुली |
| **जम्मा** | | | **३,४०,००,९३५** | |